शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का

नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने

प्रमाणीकरण तालिम

परियोजना कार्य-२०८२

तालिम सञ्चालनः

शिक्षा तालिम केन्द्र,दमौली (विस्तारित शाखा-कास्की,पोखरा)

तालिम केन्द्रमा आधारित १५ कार्यदिन (२०८२/१०/०४ देखि १८ गते सम्म)

विद्यालयमा आधारितः १५ कार्यदिन

तालिम संयोजकः सुशिला वि. क.

तयार गर्ने

नामः हेमन्त पराजुली

सङ्केत नम्बरः००००००

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

# दुई शब्द

*शिक्षा तालिम केन्द्र दमौली, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयद्वारा आयोजनामा विस्तारित शाखा कास्की, पोखरामा सञ्चालन गरिएको आधारभूत तह (कक्षा ६-८) का नेपाली विषय शिक्षकहरूका लागि शिक्षक पेशागत विकास प्रारुप २०८० अनुसार एक महिने प्रमाणीकरण तालिम अन्तर्गत तालिम केन्द्रमा आधारित १६ दिने आमनेसामने कार्यक्रम मिति २०८२/१०/०४ गतेदेखि २०८२/१०/१८ गते सम्म सञ्चालन गरिएको तालिम कार्यक्रममा सहभागी भई पेशागत दक्षता वृद्धिका लागि अवसर प्रदान गर्नुभएकोमा शिक्षा तालिम केन्द्र दमौलीको तालिम प्रमुख नेपालहरी रानाभाट, तालिम संयोजक सुशिला वि.क. र आदरणीय प्रशिक्षकवर्ग राजकुमार बिष्ट, बाबुराम सुवेदी, झलक पौडेल, हरी चालिसे, झपिन्द्र क्षेत्री, रुपिन्द्र प्रभावी, सुरज लम्साल लगायत संलग्न सम्पूर्णमा म सहभागी हेमन्त पराजुलीको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।*

*यस तालिमले पेशागत दक्षता अभिवृद्धिमा उल्लेखनीय योगदान पुर्‍याउनुका साथै शिक्षण विधिमा नवीन ज्ञान, सीप र व्यवहारिक क्षमताहरु प्राप्त गर्ने अवसर पाएको र ज्ञानको दायरा पनि फराकिलो हुन मदत पुगेको महसुस गर्दै यस कार्यक्रममार्फत सिकेको कुरा आफ्नो कर्मक्षेत्रमा लागु गर्ने लक्ष्य राखेको छु । यो कार्यको लागि यो कार्यक्रम अत्यन्त उपयोगी र फलदायी भएको अनुभव गरेको छुायो प्रतिवेदन तयार गर्ने क्रममा कहीँकतैबाट बौद्धिक चोरी गरिएको छैन पूर्ण रुपमा मौलिक प्रस्तुत गरिएको छ कहीकतैबाट बौद्धिक चोरी भएको पुष्टि भएमा कानुन अनुसार सजाय भोग्न तयार छु ।*

*यस्तो फलदाई कार्यक्रमको सान्दर्भिकता र प्रभावकारिताको उच्च मूल्याङ्कन गर्दै पेसागत दक्षता अभिवृद्धिका लागि एक सुवर्ण अवसर प्राप्त भएको छ । यस्तो तालिमका साथसाथै आगामी समयमा पुनर्ताजगी कार्यक्रमहरू सञ्चालन हुँदा पेशागत वृत्तिविकासमा सहयोग पुग्नेछ र त्यस्ता कार्यक्रमहरूमा पनि सहभागीताको अवसर मिल्नेछ भन्ने पूर्व आशा, भरोसा र विश्वासका साथ यहाँहरु समस्तमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।*

*हेमन्त पराजुली*
*श्री भगवती माध्यमिक विद्यालय*
*कालीगण्डकी-०७, मिर्मी*

# विषयसूची


| क्र.सं. | परियोजना कार्य शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | पाठ योजना | १-२० |
| २. | शिक्षण सुधार योजना | ३१-३७ |
| ३. | कार्यमूलक अनुसन्धान | ३८-४२ |
| ४. | पाठ अध्ययन | ४३-४९ |
| ५. | सिकाइमा नवप्रवर्द्धनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | ६१-६४ |
| ६. | नेपाली भाषा शिक्षणमा पुरक सामग्रीको उपयोग | ७२-७८ |
| ७. | आन्तरिक मूल्याङ्कन र सिप शिक्षण | ७९-८६ |

अनुसूची-१ : पाठयोजनासँग सम्बन्धित २१-३०

अनुसूची-२ : पाठ अध्ययनसँग सम्बन्धित ५०-६०

अनुसूची-३ : सिकाइमा नवप्रवर्द्धनका लागि ICT को उपयोगसँग सम्बन्धित ६५-७१

## पाठ योजना -१

**कक्षाः** ८ **मितिः** २०८२/११/०५

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** दृश्यबोध, सस्वर पठन

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- पूर्व पठन खण्डको चित्र अध्ययन गरी विषयवस्तुको अनुमान र कल्पना गरी निष्कर्ष सुनाउन
- निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउ सहित सस्वर पठन गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री,पूर्वपठन खण्डको चित्र, शब्दपत्ती,अर्थपत्ती

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | लघुकथा सुनाउँदै अघिल्लो दिनको पुनरावृतिसहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| ८ मिनेट | विद्यार्थीलाई पूर्वपठन खण्डमा समावेश गरिएको चित्र प्रोजेक्टरका माध्यमबाट प्रस्तुत गरी दुई समूहमा विभाजन गरी चित्रका विषयवस्तुमा आधारित भई अनुमान तथा कल्पना गरी पालैपालो वर्णन तथा छलफल गर्न लगाउने,अन्त्यमा-(यो संसारमा थरी थरीका प्राणी रहेका,सबै प्राणीका आआफ्ना गुण र विशेषता रहेको निष्कर्ष प्रस्तुत गरिदिने) | पूर्वपठन खण्डको चित्रमा आधारित भई अनुमान र कल्पना गरी विभिन्न धारणा निर्माण गर्दै निष्कर्ष प्रस्तुत गर्नेछन् । | विद्यार्थीले समूहकार्यमा सक्रियतापूर्वक सहभागिता जनाए/नजनाएको अवलोकन गर्ने, |
| २० मिनेट | डल्ले खोला कथाको चित्र प्रस्तुत गर्दै पाठप्रति आकर्षण जगाउँदै पहिलो अनुच्छेद नमुना सस्वर पठन गर्दै विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र हेर्न लगाउने, विद्यार्थीलाई पाठको निर्दिष्ट अंश क्रमैसँग गति र यति मिलाई पालैपालो सस्वर पठन गराउने, सस्वर पठन गराउँदा विद्यार्थीले ठिकसँग पढेनपढेको विचार गरी पृष्ठपोषण सहित हौसला प्रदान गर्ने, | निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउ सहित सस्वर पठन गर्नेछन् । | विद्यार्थीले सस्वर पठन ठिकसँग गरे/नगरेको अवलोकन गर्ने, |

| | | | |
|---|---|---|---|
| १० मिनेट | पाठका निर्दिष्ट अनुच्छेदमा रहेका नयाँ शब्द टिपोट गर्दै विद्यार्थीलाई पनि टिपोट गर्न लगाउने, शब्दपत्तीका माध्यमबाट आफूले उच्चारण गरेर सुनाउने र विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउने, यो अभ्यास केही समय दोहोऱ्याउने, विद्यार्थीले शुद्ध उच्चारण नगरे सम्म अभ्यास गराइरहने | पाठको निर्दिष्ट अनुच्छेदमा रहेका नयाँ शब्द टिपोट गरी शुद्ध उच्चारण गर्ने छन् । | पाठका निर्दिष्ट अनुच्छेदबाट टिपोट गरिएका नयाँ शब्दको शुद्ध उच्चारण गरे नगरेको परीक्षण गर्ने, |
| ५ मिनेट | सस्वर पठन गर्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गरी पाठमै अर्थ खोज्न लगाउने, पाठमा अर्थ नभएका शब्द टिपोट गरी अर्थपत्तीका माध्यबाट स्पष्ट पारिदिने, आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | पाठको निर्दिष्ट अनुच्छेदमा रहेका नयाँ शब्दको अर्थबोध गर्न सक्नेछन् । | पाठका निर्दिष्ट अनुच्छेदबाट टिपोट गरिएका नयाँ शब्दको अर्थबोध गरे नगरेको परीक्षण गर्ने |

...................... ................................ ...................

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

# पाठ योजना -२

**कक्षाः** ८ **मितिः** २०८२/११/०८

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** शब्दभण्डार र सार लेखन

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न
- निर्दिष्ट अनुच्छेदको श्रुतिलेखन गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, पाठ्यपुस्तक शब्दपत्ती,अर्थपत्ती,अनुच्छेद

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | चुट्किला सुनाउँदै अघिल्लो दिनको विषयवस्तुको बारे छोटो छलफल सहित आजको पाठ्यवस्तुमा प्रवेश गर्ने | विद्यार्थीले अघिल्लो दिनको पुनरावृत्ति सहित विषयवस्तुमा ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १३ मिनेट | विद्यार्थीलाई निर्दिष्ट पाठ पढ्न पढ्न लगाई पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न लगाउने र विद्यार्थीले टिपोट गरेका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउने, आवश्यक ठाउँमा अर्थपत्ती वा शब्दकोशको उपयोग अर्थबोधका लागि सहजीकरण गरिदिने, विद्यार्थी- लाई शब्दार्थ बोध गराउने क्रममा पाठमा प्रयोग भएको वाक्य तथा मौलिक वाक्यलाई नमुनाको रुपमा प्रस्तुत गरी अर्थबोध गर्न सिकाउने, | निर्दिष्ट पाठका नयाँ शब्द टिपोट गरी टिपोट गरेका शब्दको अर्थ शिक्षककले प्रस्तुत गरेका पाठ्यपुस्तक वा मौलिक स्रोतका वाक्यबाट अर्थबोध गर्नेछन् । | विद्यार्थीले टिपोट गरेका नयाँ शब्द र पहिचान गरेको अर्थ सही वा गलत परीक्षण गर्ने |
| १० मिनेट | पाठमा प्रयुक्त केही शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने, पाठमा प्रयुक्त केही शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने, निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउने, आवश्यकता अनुसार शब्दपत्ती, वाक्यपत्ती प्रयोग गरी पृष्ठपोषण प्रदान गर्ने | निर्दिष्ट अनुच्छेदमा रहेका नयाँ शब्द टिपोट गरी अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नेछन् । | विद्यार्थीले नयाँ शब्द प्रयोग गरी निर्माण गरेका वाक्य सही/गलत अवलोकन गर्ने |

| | | | |
|---|---|---|---|
| १५ मिनेट | बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को आधारमा पाठको अन्तिम अनुच्छेद श्रुतिलेखन गराउने (श्रुतिलेखन गराउँदा अक्षर लेखाइ, वर्ण तथा शब्दको अन्तराल तथा वर्णविन्यासका सम्बन्धमा आधारभूत जानकारी गराउने) | पाठको निर्दिष्ट अनुच्छेद अक्षर लेखाइ, वर्ण तथा शब्दको अन्तराल तथा वर्णविन्यास ख्याल गरी श्रुतिलेखन गर्नेछन् । | पाठका निर्दिष्ट अनुच्छेद वाचनसँगै विद्यार्थीले लेखे नलेखेको ख्याल गर्ने |
| ५ मिनेट | विद्यार्थीले श्रुतिलेखन कार्य कार्य सकेपश्चात् साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउने, विद्यार्थी अलमलमा परे वा आवश्यक परेमा आफूले सहजीकरण गर्ने, आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | पाठ्यपुस्तकको निर्दिष्ट अंश हेरी आफ्नो साथीको कापी परीक्षण गर्न सक्नेछन् । | विद्यार्थीहरूले गरेको कापी परीक्षण कार्यको निगरानी गर्ने |

...................... ............................... ...................

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

## पाठ योजना -३

**कक्षाः**८ | **मितिः** २०८२/११/१०

**विषयः** नेपाली | **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला | **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** शब्दभण्डार,धारणा निर्माण र प्रस्तुति,सार लेखन

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- अर्थका आधारमा शब्द पहिचान गर्न
- सुनेका विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति गर्न
- पाठसार लेखन

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री,शब्दपत्ती,अर्थपत्ती, अनुच्छेद,पाठसार बुँदा

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | कविता सुनाउँदै विद्यार्थीलाई पनि आफूले जानेको सुनेको चुट्किला, उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइ प्रति उत्प्रेरित गर्ने | विद्यार्थी आजको विषयवस्तु प्रति उत्प्रेरित हुनेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको र सिकाइ सहभागिता सुनिश्चित गर्ने, |
| ८ मिनेट | शब्दभण्डार खण्डको अभ्यास १ को आधारमा अर्थबोध गरी पाठबाट शब्द पहिचान गर्न सहजीकरण गर्ने, विद्यार्थीलाई सोही अभ्यासमा कक्षाकार्य गराउने, विद्यार्थीले कक्षाकार्य गरिसकेपछि कक्षामा छलफल गरी शब्दपत्ती प्रदर्शन गरी सिकाइमा पछि परेका विद्यार्थीलाई प्राथमिकता दिदैं शब्द पहिचान गराउने(शब्दपत्तीका लागि स्मार्ट बोर्ड प्रयोग गर्ने) | विद्यार्थीले अभ्यासमा दिइएको अर्थका आधारमा पाठबाट शब्दको पहिचान गर्नेछन् । | विद्यार्थीले कक्षाकार्यमा सक्रियतापूर्वक सहभागिता जनाए/नजनाएको अवलोकन गर्ने, |
| १५ मिनेट | विद्यार्थीको लागि तयार पारिएको विषयवस्तु डिजिटल बोर्डमा प्रस्तुत गर्ने, विद्यार्थीलाई पालैपालो उक्त विषयवस्तुबाट शीर्षकसम्बन्धी अवधारणा, आफूलाई उक्त क्षेत्र मन पर्नुको कारण, हालसम्म उक्त क्षेत्रमा हासिल गरको अनुभव तथा उपलब्धि जस्ता प्रसङ्ग जोडेर प्रस्तुत गर्न सहजीकरण गर्ने | विद्यार्थीले नयाँ विषयवस्तु पढेर वा सुनेर आफ्नो धारणा निर्माण गर्न र प्रस्तुति गर्न सक्नेछन् । | विद्यार्थीले प्रस्तुत गरेको धारणाको अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने , |

| | | | |
|---|---|---|---|
| १० मिनेट | विद्यार्थीलाई डल्ले खोला कथा पढेर सार लेख्न सिकाउने, सार लेख्ने क्रममा ध्यानपूर्वक विषयवस्तु पढ्नुपर्ने, वाक्यलाई हुवहु सार्नु नहुने , कथालाई आदि, मध्य र अन्त्यमा विभाजन गरी बुँदा टिपोट गरेर सार लेख्दा सजिलो हुने तथा कथाको पूर्ण भाव आउने गरी मौलिक शैलीमा सार लेख्ने तरिका सहजीकरण गर्ने | डल्ले खोला कथाको सार लेख्ने तरिकाबारे थाहा पाउनेछन् । | विद्यार्थीले सार लेखनका तौर तरिका बारे ध्यान दिए नदिएको ख्याल गर्ने |
| १० मिनेट | विद्यार्थीलाई डल्ले खोला कथाको सार लेख्न लगाउने, यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्ने, आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | डल्ले खोला कथाको सार लेख्नेछन् । | विद्यार्थीले लेखेको सार परीक्षण गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने |

………………… ………………………… ………………

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

# पाठ योजना -४

**कक्षाः** ८ **मितिः** २०८२/११/११

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** सङ्क्षिप्त उत्तर लेखन र भाव विस्तार

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- पाठका आधारमा सङ्क्षिप्त उत्तर लेखन
- निर्दिष्ट अंशको भाव विस्तार गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री,संक्षिप्त उत्तरको नमुना, भाव विस्तारका लागि बुदाँ

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | लघुकथा सुनाउँदै आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १५ मिनेट | सङ्क्षिप्त उत्तर लेख्नका लागि बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा रहेका प्रश्न प्रस्तुत गर्दै आफूले तयार पारेको नमुना प्रस्तुत गर्ने, सङ्क्षिप्त उत्तरलेखन शैली, उत्तर ढाँचा र धारणा स्पष्ट पारिसकेपछि विद्यार्थीलाई कक्षाकार्यका रूपमा अभ्यासमा रहेका थप प्रश्नको उत्तर लेख्न लगाउँदै आवश्यक सहजीकरण गर्ने | पाठका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन सक्नेछन् । | कक्षाकार्य पूरा गरेपछि कपी परीक्षण गर्ने, |
| १५ मिनेट | विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा रहेको **एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नु हुँदैन** ।प्रश्न प्रस्तुत गरी छलफल गर्न लगाउने, सम्बद्ध अंशमा केन्द्रित भएर आशय बढाउनका लागि उक्त अंशको सन्दर्भ, आशय, तर्क, विचार र उदाहरणमा केन्द्रित रही केही बुँदा प्रस्तुत गरी भाव विस्तारको संरचना बारे जानकारी गराउँदै आदि, मध्य र अन्त्य भागमा लेख्नुपर्ने विषयका बारेमा स्पष्ट पारी भाव विस्तार लेख्न सिकाउने | निर्दिष्ट अंशको भाव विस्तार गर्ने तरिका र संरचनाबारे ज्ञान प्राप्त गर्नेछन् । | विद्यार्थीले छलफल र सिकाइ सहजीकरणमा सक्रिय सहभागिता जनाए/नजनाएको अवलोकन गर्ने |

| | | | |
|---|---|---|---|
| १० मिनेट | पाठ्यपुस्तकको अभ्यास खण्डमा रहेको प्रश्नलाई नमुनाको रूपमा प्रस्तुत गर्दै सोही अनुसार कक्षाकार्यमा अभ्यास गर्न लगाउने, आवश्यक ठाउँमा सहजीकरण गर्दै सिकाइमा पछि परेका विद्यार्थीलाई सहपाठी सिकाइको अवसर सिर्जना गरिदिने | पाठको निर्दिष्ट अंशको भाव विस्तार गर्नेछन् । | विद्यार्थीले कक्षाकार्य पूरा गरेपछि कपी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिने |
| ३ मिनेट | आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | आजको कक्षामा सिकेको मुख्य विषयवस्तुको सार भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

...................... ............................... ..................

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

## पाठ योजना -५

**कक्षाः** ८ **मितिः** २०८२/११/१२

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** तार्किक उत्तर लेखन,पात्र-चरित्र चित्रण, भाषिक प्रकार्य

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- विषयवस्तु घटना वा प्रसङ्गका आधारमा आफ्नो तर्क प्रस्तुत गर्न
- पाठ्य विषयवस्तुमा आधारित भई पात्रको चारित्रिक विशेषता तथा तुलना गर्न
- अवस्था पहिचान गरी अनिच्छासम्बन्धी भाषिक अभिव्यक्ति गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री,तार्किक उत्तरको नमुना, चारित्रिक विशेषताको नमुना

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | कविता सुनाउँदै आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १५ मिनेट | बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा रहेका प्रश्न प्रस्तुत गर्दै विद्यार्थीलाई प्रश्नमा आधारित भई बुँदा टिपोट गर्न लगाउने, शिक्षकले आवश्यक सहजीकरण गरिदिने, आफूले तयार पारेका बुँदा प्रस्तुत गरी तिनै बुँदाका आधारमा तार्किक उत्तर लेखन लगाउने, अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्ने | पाठका आधारमा विषय,सन्दर्भ र परिवेश अनुसार तार्किक उत्तर दिन सक्नेछन् । । | बुँदाका आधारमा तार्किक उत्तर लेखिसकेपछि कपी परीक्षण गर्ने |
| १५ मिनेट | विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास १० का आधारमा चारित्रिक विशेषता तुलना गर्न सिकाउने, अगिल्ला पाठमा गरेका अभ्यासको पुनरावृत्ति सहित डल्ले खोला कथामा रहेका रनबहादुर र हाकिम पात्रका स्वभाव, आनीबानी, विचार आदिलाई समेटेर चरित्र चित्रण गरिने सन्दर्भ प्रस्तुत गर्ने, हाकिम पात्रको चारित्रिक विशेषता बुँदागत रूपमा प्रस्तुत गर्दै रनबहादुरका चारित्रिक विशेषता टिपोट गर्न लगाउने, | डल्ले खोला कथाका मुख्य पात्रको चारित्रिक विशेषता पहिचान गरी फरक फरक पात्र र चरित्रबिच तुलना गर्नेछन् । | विद्यार्थीले गरेको कार्यको अवलोकन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने |

| | | | |
|---|---|---|---|
| | फरक फरक व्यक्तिको चरित्र विच गरिने तुलना नै चारित्रिक विशेषता हुने कुरा बुझाउँदै रनबहादुर र हाकिम पात्रका चारित्रिक विशेषता तुलना गर्न लगाउने | | |
| १० मिनेट | पाठ्यपुस्तकको अभ्यास खण्डको अभ्यास १५ का आधारमा दिइएको सन्दर्भ पढ्न लगाउने, सन्दर्भ पढिसकेपछि छलफल गर्दै व्यक्तिको आफ्नो रुचि, चाहना र लक्ष्य हुने व्यक्तिले मन नपरेको विषयमा अनिच्छा प्रकट गर्न सक्नुपर्ने बिषयवस्तु बोध गराउँदै,आफूले कुनै सन्दर्भमा अनिच्छा प्रकट गरेको अनुभव सुनाउन लगाई शिष्ट भाषामा स्पष्टसँग तर्कसहित आफ्नो धारणा राख्न सिकाउने | शिष्टता भाषिक प्रकार्यको उपयोग गरी आफ्नो मन नपरेको विषयमा अनिच्छा शिष्ट भाषामा व्यक्त गर्नेछन् । | विद्यार्थीको अनुभव सुन्ने भाषिक प्रकार्यको उपयोगमा ख्याल गरे नगरेको कुरामा ध्यान दिने |
| ३ मिनेट | आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई तार्किक उत्तर लेख्ने गृहकार्य दिई कक्षा समापन गर्ने | आजको कक्षामा सिकेको मुख्य विषयवस्तुको सार भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

.....................                                ..............................                                ..................

शिक्षकको दस्तखत                                प्रधानाध्यापकको दस्तखत                                विद्यालयको छाप

## पाठ योजना -६

**कक्षाः** ८ **मितिः** २०८२/११/१३

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** कथा कथन र घटना वर्णन, समीक्षात्मक उत्तर लेखन

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- पठित कथाको कथाकथन गर्न
- पाठका आधारमा घटना वर्णन, घटनाक्रम मिलान गर्न,
- विषयवस्तुमा आधारित भई समीक्षात्मक उत्तर लेखन

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री,घटनाक्रमको सूची, समीक्षात्मक उत्तरका लागि बुँदा

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | मुक्तक सुनाउँदै अगिल्लो दिनको छोटो छलफल सहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १५ मिनेट | विद्यार्थीलाई आफूले पढेको वा सुनेको कुनै कथा सुनाउन लगाउँदै कथाको संरचना, भाषाशैली, पात्र, परिवेश आदिलाई ख्याल गरी कथाकथन गर्न सिकाउने, विद्यार्थीलाई डल्लेखोला कथाको कथाकथन गर्न लगाउने, उपयुक्त तरिकाले कथाकथन गर्ने विद्यार्थीलाई स्याबासी दिने | पाठ्य कथा डल्ले खोलाको उपयुक्त तरिका र शैलीको उपयोग गरी कथाकथन गर्नेछन् । | कथा कथनका क्रममा कथाको संरचना, भाषाशैली, पात्र, परिवेश आदिलाई ख्याल गरिएको वा नगरिएको ख्याल गर्ने |
| १५ मिनेट | विद्यार्थीलाई आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलाई डल्ले खोला कथाको मुख्य मुख्य घटनाको टिपोट गर्न लगाउने, अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्ने, पाठ्यपुस्तकको बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका कथाका विशृङ्खलित घटनाका बुँदालाई घटनाक्रम मिलाउन लगाउने, घटनाक्रम मिलाउने काम सकिएपछि पालैपालो विद्यार्थीलाई समूहगत रूपमा सुनाउन लगाउने र आवश्यक पृष्ठपोषण सहित ताली बजाएर हौसला दिने | डल्ले खोला कथाका मुख्य मुख्य घटनाको टिपोट गर्न र घटनाक्रम मिलाएर आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत गर्न सक्नेछन् । | विद्यार्थीले ठिक तरिकाले मुख्य मुख्य घटना टिपोट गर्न र घटनाक्रम मिलाउन सके नसकेको अवलोकन गर्ने |

| | | | |
|---|---|---|---|
| १० मिनेट | विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ का आधारमा समीक्षात्मक उत्तर लेखन लगाउने, समीक्षात्मक उत्तर लेखनका लागि मुख्य मुख्य बुँदा सूची प्रदर्शन गर्ने, अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्ने | डल्ले खोला कथा पढेर कथामा आधारित भई समीक्षात्मक उत्तर दिन सक्नेछन् । | विद्यार्थीले समीक्षात्मक उत्तर लेखनको कक्षाकार्य पूरा गरेपश्चात परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने |
| ३ मिनेट | आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई समीक्षात्मक उत्तर लेखन गृहकार्य दिएर कक्षा समापन गर्ने | आजको कक्षामा सिकेको मुख्य विषयवस्तुको सार भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

| | | |
|---|---|---|
| ...................... | ............................... | ................... |
| शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

## पाठ योजना -७

**कक्षाः** ८ **मितिः** २०८२/११/१४

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** कथा रचना, "र" का स्वरूप(वर्णविन्यास), श्रुतिबोध

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- निर्देशित कथा रचना गर्न
- शब्दमा "र" का भिन्न स्वरूपको पहिचान र प्रयोग गर्न (वर्णविन्यास)
- सुनाइ पाठ १७ आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, शब्दपत्ती, कथा लेखनका बुँदा, सुनाइ पाठ १७ को श्रव्य सामग्री, उत्तरको नमुना, र का विभिन्न रूप प्रयोग भएको अनुच्छेद

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | अनौठो घटना सुनाउँदै अगिल्लो दिनको छोटो छलफल सहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| २० मिनेट | विद्यार्थीलाई समूहमा विभाजन गरी कथालेखनमा शीर्षक,घटना,पात्र, परिवेश,संवाद शैली जस्ता पक्षको बोध गराउँदै कथाको शीर्षक राख्ने तरिका, आदि, मध्य र अन्त्य भागमा कुन कुन घटना राख्ने तरिका बारे छलफल गराउने, पाठ्यपुस्तकको बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ को बुँदा स्लाइडमा देखाउँदै कथा लेख्न लगाउने, कक्षा कार्य समूह प्रस्तुति गर्न लगाउने, प्रस्तुतिका क्रममा अन्य विद्यार्थी समूहबाट सुझाव दिन लगाउने | बुँदाका आधारमा कथाको संरचना मिलाई कथा लेख्न सक्नेछन् । | समूह कार्यको अवलोकन गरी विद्यार्थीले तयार पारेको कथा मिले नमिलेको परीक्षण गर्ने |
| १० मिनेट | विद्यार्थीलाई **र** का विभिन्न रुपबारे धारणा स्पष्ट पार्न फरक फरक र प्रयोग गरिएका शब्द प्रस्तुत गर्दै विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको प्रश्न नं ५ मा दिइएको अनुच्छेद ध्यामपूर्वक पढेर | र का विभिन्न रूप प्रयोग भएका शब्दको पहिचान गर्न र प्रयोग गरी नयाँ वाक्य निर्माण गर्न सक्नेछन् । | विद्यार्थीले टिपोट गरेका शब्द सही भए नभएको परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने |

| | | | |
|---|---|---|---|
| | छलफल गराउँदै र का विभिन्न रूप कापीमा टिपोट गर्न लगाउने | | |
| १० मिनेट | विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बुझाउँदै, सुनाइ पाठ १७ मोबाइलबाट सुनाउँदै अभ्यास खण्डमा रहेका अभ्यास गराउने, नमुना उत्तर देखाउँदै उत्तर भन्न लगाउने, विद्यार्थीलाई **पञ्चतन्त्र** कथाले बालबालिकामा सहयोग पुऱ्याउने कुरा पालैपालो भन्न लगाउने, आवश्यकता अनुसार पृष्ठपोषण दिने | सुनाइ पाठ सुनेर बोध प्रश्नको उत्तर दिन, विषयवस्तुमा आफ्नो धारणा निर्माण गरी प्रस्तुत सक्नेछन् । | विद्यार्थीले सुनाइ पाठ सुनेर दिएका उत्तर र प्रस्तुत धारणा मिले नमिलेको परीक्षण गर्ने |
| ३ मिनेट | आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई, बुँदाका आधारमा कथा लेख्न गृहकार्य दिएर कक्षा समापन गर्ने | आजको कक्षामा सिकेको मुख्य विषयवस्तुको सार भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

...................... ............................... ...................

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

## पाठ योजना -८

**कक्षाः** ८ **मितिः** २०८२/११/१५

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** वाच्यको पहिचान र प्रयोग

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- वाच्यको पहिचान र प्रयोग गर्न
- निर्देशन अनुसार वाच्य परिवर्तन गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, शब्दपत्ती, वाक्यपत्ती, वाच्य तालिका

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | चुट्किला सुनाउँदै अगिल्लो दिनको छोटो छलफल सहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १० मिनेट | सर्वप्रथम विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको विषयवस्तुमा छलफल गर्ने, छलफलका क्रममा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यको फरक फरक तालिकामा प्रस्तुत गरी छलफल गर्ने | कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यको पहिचान सक्नेछन् । | विद्यार्थीले छलफलमा सक्रिय सहभागि भए नभएको ख्याल गर्ने, |
| १५ मिनेट | कर्तृवाच्यको नमुना तालिका प्रस्तुत गरी कर्तृवाच्यमा सकर्मक, अकर्मक दुवै किसिमका क्रियापद रहने, कर्तृवाच्यको वाक्य सकर्मक क्रियापद भएमा कर्मवाच्यमा परिवर्तन हुने र अकर्मक क्रियापद भएमा भाववाच्यमा परिवर्तन हुने कुरालाई उदाहरण प्रस्तुत गरेर बुझाउने,कर्मवाच्यको तालिका प्रदर्शन गरी विद्यार्थीको पूर्व ज्ञानलाई संयोजन गरी कर्तँवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्ने तरिका स्पष्ट पार्ने | कर्तृवाच्यको क्रियापद सकर्मक अकर्मक दुवै हुने तथ्य बुझेर सकर्मक क्रियापद भएका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्न सक्नेछन् । | कर्तृवाच्यका वाक्यको सकर्मक क्रियापद पहिचान गरी सकर्मक क्रियापद भएका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्न सके नसकेको ख्याल गर्ने |
| १५ मिनेट | कर्तृवाच्यको वाक्य अकर्मक क्रियापद भएमा भाववाच्यमा परिवर्तन हुने कुरालाई उदाहरण प्रस्तुत गरेर बुझाउने,भाववाच्यको तालिका प्रदर्शन गरी विद्यार्थीको पूर्व | कर्तृवाच्यको क्रियापद सकर्मक अकर्मक दुवै हुने तथ्य बुझेर अकर्मक क्रियापद | कर्तृवाच्यका वाक्यको अकर्मक क्रियापद पहिचान गरी सकर्मक |

| | | | |
|---|---|---|---|
| | ज्ञानलाई संयोजन गरी कर्तृवाच्यका वाक्यलाई भाववाच्यमा परिवर्तन गर्ने तरिका स्पष्ट पार्ने | भएका वाक्यलाई भाववाच्यमा परिवर्तन गर्न सक्नेछन् । | क्रियापद भएका वाक्यलाई भाववाच्यमा परिवर्तन गर्न सके नसकेको ख्याल गर्ने |
| ३ मिनेट | आजको कक्षामा सिकेका वाच्य सम्बन्धी मुख्य मुख्य विषयवस्तु र वाच्यका बारेमा जानकारी सहित अभ्यासका लागि गृहकार्य दिई कक्षा समापन गर्ने | वाच्यको पहिचान र प्रयोग सम्बन्धी मुख्य विषयवस्तु भन्न सक्नेछन् । | विद्यार्थीले परिवर्तन गर्न सके नसकेको एकिन गर्ने |

| | | |
|---|---|---|
| ...................... | ................................ | ................... |
| शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

# पाठ योजना -९

**कक्षाः** ८ **मितिः** २०८२/११/१७

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** डल्ले खोला **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** स्वतन्त्र कथा रचना (सिर्जनात्मक कार्य) परियोजना कार्य

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- स्वतन्त्र कथा रचना गर्न
- डल्ले खोला कथा अध्ययन गरी प्रमुख पात्रका विशेषता पहिचान गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, शब्दपत्ती, कथा लेखनका लागि संरचना तालिका, कथाका प्रमुख पात्रको विशेषता टिपोटको नमुना

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | मुक्तक सुनाउँदै अगिल्लो दिनको छोटो छलफल सहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| १५ मिनेट | विद्यार्थीको पूर्वज्ञानलाई जोडेर स्वतन्त्र कथा लेख्ने तरिका प्रस्तुत गर्ने, एउटा सामाजिक कथा प्रस्तुत गरी विद्यार्थीलाई सोही अनुसारको सिर्जना र परियोजना खण्डमा रहेको अभ्यासलाई गृहकार्यका रूपमा कथा लेख्न लगाउने | शीर्षक अनुसार कथाको संरचना मिलाई स्वतन्त्र कथा लेख्न सक्नेछन् । | विद्यार्थीले तयार पारेको कथा मिले नमिलेको परीक्षण गर्ने |
| १५ मिनेट | अघिल्लो कक्षामा तयार गरिएको कथा विद्यार्थीलाई पालै पालो प्रस्तुत गर्न लगाउने, कथा प्रस्तुतिका आधारमा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने, कापी हेरी भाषिक शुद्धताका सन्दर्भमा आवश्यक सुझाव दिने, प्रत्येक विद्यार्थीको कक्षा प्रस्तुति पश्चात् ताली बजाएर हौसला प्रदान गर्ने, स्तरीय कथालाई विद्यालयको भित्तेपत्रिकामा टाँसिदिने | विभिन्न शीर्षकमा स्तरीय कथा लेखी कक्षामा प्रस्तुत गर्न सक्नेछन् । | विद्यार्थीले लेखेका कथा अध्ययन गरी भाषिक शुद्धता लगायत कथाको संरचनाको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने |
| १० मिनेट | डल्ले खोला कथाको प्रमुख पात्र भन्न लगाउने, उक्त पात्र किन प्रमुख भयो भन्ने सम्बन्धमा छलफल गराउने,कथामा प्रयुक्त पात्रको विचार, व्यवहार, कारण आदिले कथा विकास भएमा उक्त पात्र प्रमुख हुने | कथाको प्रमुख पात्र पहिचान गर्न र प्रमुख पात्रको चारित्रिक विशेषता बताउन सक्नेछन् । | विद्यार्थीले तयार पारेको कथाको प्रमुख पात्रको चारित्रिक विशेषताको |

| | | | |
|---|---|---|---|
| | धारणा बुझाउँदै डल्ले खोला कथामा रनबहादुर, शिवबहादुर र हाकिम प्रमुख पात्रका भूमिकामा रहेको निष्कर्ष सुनाउँदै यी पात्रमध्ये कुनै एक पात्रको चारित्रिक विशेषता नमुनाका रूपमा प्रस्तुत गर्ने र अन्य पात्रका विशेषता तयार पार्न परियोजना कार्य गर्न लगाउने | | परियोजना कार्य परीक्षण गर्ने |
| ३ मिनेट | आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | आजको कक्षामा सिकेको मुख्य विषयवस्तुको सार भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

…………………… ……………………………… …………………

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

## पाठ योजना -१०

**कक्षाः** ८ **मितिः** २०८२/११/१९

**विषयः** नेपाली **पिरियडः** दोस्रो

**पाठः** से गुम्बाको सुन्दरता (पुनरावृत्ति ) **समयः** ४५ मिनेट

**पाठ्यवस्तुः** वाक्यको पहिचान र प्रयोग, वाक्य सश्लेषण र विश्लेषण

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- सरल,संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग
- वाक्य सश्लेषण गर्न
- वाक्य विश्लेषण गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, वाक्य तालिका

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | कविता सुनाउँदै अगिल्लो दिनको छोटो छलफल सहित आजको विषयवस्तुको बारेमा जानकारी गराउने | विद्यार्थीले विषयवस्तुतिर ध्यान केन्द्रित गर्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको सुनिश्चित गर्ने, |
| २० मिनेट | विद्यार्थीलाई सरल, संयुक्त र मिश्र तिनै प्रकारका वाक्य पहिचान गर्ने आधारमा छलफल गराउने,एउटा उद्देश्य र एउटा विधेय भएको वाक्य सरल वाक्य हो भने संयुक्त र मिश्र वाक्यमा दुई वा दुईभन्दा बढी उद्देश्य  र विधेय हुन्छन् भन्ने जानकारी गराउँदै संयुक्त वाक्यलाई र,तर, किनभने आदि संयोजकले जोड्छन् भने मिश्र वाक्यलाई जब तब जहाँ तहाँ आदि संयोजकले जोड्ने जानकारी सहित केही नमुना वाक्य प्रस्तुत गर्ने | विद्यार्थीले सरल, संयुक्त र मिश्र वाक्य पहिचान र प्रयोग गर्न सक्नेछन् । | प्रस्तुत गरेका नमुना वाक्य पहिचान गर्न सके नसकेको अवलोकन गर्ने |
| १० मिनेट | विद्यार्थीलाई वाक्य संश्लेषण भनेको वाक्य जोड्ने कार्य हो भन्ने कुरा बोध गराउँदै वाक्य संश्लेषण तालिका प्रस्तुत गर्ने, फरक फरक वाक्यलाई फरक फरक तरिकाले(सरल,संयुक्त,मिश्र वाक्य निर्माण गरी) संश्लेषण गर्न सकिने तथ्य उदाहरणसहित स्पष्ट पारिदिने | विद्यार्थीले फरक फरक तरिकाले वाक्य संश्लेषण गर्न सक्नेछन् । | विद्यार्थीले अभ्यासका लागि दिइएका वाक्य संश्लेषण गर्न सके/ नसकेको परीक्षण गर्ने |

| | | | |
|---|---|---|---|
| १० मिनेट | विद्यार्थीलाई वाक्य विश्लेषण भनेको एउटा वाक्यलाई दुई वा दुईभन्दा बढी छुट्याउने कार्य हो भन्ने कुरा बोध गराउँदै वाक्य विश्लेषण तालिका प्रस्तुत गर्ने, फरक फरक वाक्यलाई फरक फरक तरिकाले विश्लेषण गर्न सकिने तथ्य उदाहरणसहित स्पष्ट पारिदिने | विद्यार्थीले फरक फरक तरिकाले वाक्य विश्लेषण गर्न सक्नेछन् । | विद्यार्थीले अभ्यासका लागि दिइएका वाक्य विश्लेषण गर्न सके/ नसकेको परीक्षण गर्ने |
| ३ मिनेट | आजको कक्षामा वाक्यका प्रकार,संश्लेषण र विश्लेषण बारे मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्ने | आजको कक्षामा वाक्य सम्बन्धमा सिकेको मुख्य विषयवस्तु भन्न सक्नेछन् । | विद्यार्थीले ध्यानपूर्वक सुने नसुनेको एकिन गर्ने |

.....................
शिक्षकको दस्तखत

...............................
प्रधानाध्यापकको दस्तखत

..................
विद्यालयको छाप

## परियोजना कार्य १

## पाठयोजना प्रतिवेदन

शिक्षण केवल जानकारी बाँड्ने काम मात्र होइन, यो एउटा कला हो। जब शिक्षकले उपयुक्त पाठयोजना र शैक्षिक सामग्रीको प्रयोग गर्छन्, त्यतिबेला मात्र सिकाइ प्रभावकारी, गुणस्तरीय र दीगो बन्छ । यसले शिक्षणलाई सजिलो, रमाइलो बनाउने मात्र होइन, विद्यार्थीलाई सिकाइमा सक्रिय र उत्साहित पनि बनाउँछ । आजको विज्ञान र प्रविधिको युगमा केवल व्याख्यान वा प्रश्नोत्तर विधिले मात्र सिकाइका उद्देश्य पूरा गर्न सकिँदैन ।त्यसका लागि विभिन्न शैक्षिक सामग्री र ICT प्रविधिको प्रयोग आवश्यक हुन्छ । पाठ्यक्रममा तोकिएका उद्देश्य प्राप्त गर्नका लागि सुसंगत शैक्षिक सामग्रीसहित उत्कृष्टपाठयोजना अनिवार्य देखिन्छ।

शिक्षक पेशागत विकास प्रारूप, २०८० अन्तर्गतको प्रमाणीकरण तालिमकै एक अंश स्वरूप मैले कक्षा ८ को नेपाली बिषयमा भएको डल्ले खोला कथाको फरक फरक पाठ्यवस्तु समावेश गरी दैनिक पाठयोजना तयार गरी सोही आधारमा सिकाइ सहजीकरण गरे । त्यस अनुभवका आधारमा प्राप्त अनुभूति, तथ्य, प्रतिक्रिया र सिकाइमा आएको परिवर्तनलाई समेटेर यो प्रतिवेदन तयार गरेको छु।

### १. अनुभूति

दैनिक पाठयोजना परियोजना कार्य पूरा गरेपछि मैले निम्न अनुभवहरू पाएँ:

- उत्कृष्ट पाठयोजना बनाउन सक्ने सीपमा वृद्धि भयो ।
- शैक्षिक सामग्री निर्माण र संकलन गर्ने दक्षता विकसित भयो ।
- शिक्षण प्रक्रिया सरल, सहज र प्रभावकारी बन्यो ।
- ICT प्रयोग गर्ने आत्मविश्वास बढ्यो ।
- शिक्षणमा आत्मचिन्तन र समालोचनात्मक दृष्टिकोण जागृत भयो ।
- विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गर्न सकियो ।
- विद्यार्थी सक्रिय, सहभागी र उत्साहित बने ।
- कक्षा रमाइलो र आकर्षक वातावरणमा सञ्चालन गर्न सकियो ।
- सिकाइ विविध शैलीमा सहज र रोचक बन्न पुग्यो ।
- संवाद र अन्तरक्रिया विधिले सिकाइ अझै रमाइलो र प्रभावकारी भयो ।

### २. प्राप्ति

यस परियोजनाबाट निम्न उपलब्धिहरू हासिल भए:

- विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक सुधार
- सिकाइप्रति रुचि र उत्साहमा वृद्धि
- विभिन्न शिक्षण विधिबाट सक्रिय सहभागिता सुनिश्चित ।
- कक्षा अन्तरक्रियात्मक र रमाइलो वातावरणमा सञ्चालन।
- सिर्जनात्मक सीपमा उल्लेखनीय विकास
- सहकार्य, जिम्मेवारी र अनुशासनको भावना जागृत

➢ विद्यार्थीमा आत्मविश्वासको वृद्धि

**३. प्रतिक्रिया**

पाठयोजना बिना गरिएको शिक्षणलाई मैले अव्यवस्थित, उदेश्यबिहिन र कम प्रभावकारी रहेको महसुस गरें। पाठयोजना बनाएर सिकाइ सञ्चालन गर्दा कक्षा व्यवस्थित, उद्देश्यपूर्ण र सहज भयो। विद्यार्थीको सहभागिता र सिकाइमा सुधार प्रष्ट देखियो।

यस परियोजनाले मलाई प्रत्येक कक्षाको लागि पूर्वतयारी र पाठयोजना अनिवार्य हुन्छ भन्ने कुरा सिकायो । यसले शिक्षणलाई मात्र होइन, विद्यार्थीलाई सिर्जनशील, उत्साहित र जिम्मेवार बनाउन पनि मद्दत गर्छ । भविष्यमै पनि नियमित रूपमा दैनिक पाठयोजना बनाएर शिक्षण गर्नुपर्ने प्रेरणा र हौसला प्राप्त भएको छ । यसले मलाई पेशाप्रति अझै वफादार, जिम्मेवार र प्रतिबद्ध बन्ने आधार प्रदान गरेको छ ।

शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# शिक्षण सुधार योजना-२०८२

परियोजना कार्य-२

तयार गर्ने


नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः info@hemantaparajuli.com.np

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

# शिक्षण सुधार योजना (TIP) – २०८२

शिक्षकको नामः हेमन्त पराजुली

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय, कालीगण्डकी गाउँपालिका-०७, मिर्मी स्याङ्जा

योजना अवधिः २०८२/१०/२० गतेदेखि २०८२/११/२५ गतेसम्म

| क्र.स. | सूचक | मौजुदा स्थिति | अपेक्षित लक्ष्य | पूरा गर्न सम्पादन गरिने मूख्य कार्यहरू |
|---|---|---|---|---|
| १. | विद्यार्थीको औषत उपलब्धि प्राप्ताङ्क | | | |
| | कक्षाः ८<br>विषयः नेपाली | ६५ | ७५ | • पाठयोजना निर्माण गरी उपयुक्त सिकाइ सामग्रीको प्रयोग गरी शिक्षण गर्ने<br>• सिकाइका क्रममा सिकारूमा देखिएको समस्या पहिचान गरी सहजीकरण गर्ने<br>• ICT को प्रयोग गरी शिक्षण गर्ने<br>• कमजोर विद्यार्थीलाई उपचारात्मक शिक्षण गर्ने<br>• अभिभावकसँग छलफल गरी नेपाली भाषा शिक्षणले अन्य विषयको शिक्षणमा पुर्‍याउने सहयोगबारे बोध गराउने |
| २. | मूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगको स्थिति (न्यूनबाट उच्च तहका दरमा १,२,३,४ मा मापन गर्ने) | | | • पाठ अनुसार स्थानीय तहमा सजिलै उपलब्ध हुने सामग्रीको प्रयोग गर्ने<br>• विषयवस्तुलाई प्रोजेक्टर, स्मार्ट बोर्ड, डिजिटल सामग्रीहरू, मोबाइल एप्स, भिडियो अडियो सामग्रीको प्रयोग गर्ने<br>• माथिल्लो तहको विषय शिक्षकसँग सामुहिक छलफल गरी शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने<br>• विद्यार्थीलाई विभिन्न सामग्री निर्माण गर्ने क्रियाकलापमा सहभागी गराउने |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | २ | ४ | • शिक्षक निर्देशिका प्रयोग गरी दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्ने<br>• कठिन लागेका पाठलाई माथिल्लो तहको विषय शिक्षकसँग छलफल गरी क्रियाकलाप तयार गरी सिकाइ सहजीकरण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ४. | सो मूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका  निमित्त विद्यालय प्र.अ.बाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहका दरमा १,२,३,४ मा मापन गर्ने) | १ | ३ | • शैक्षिक सामग्री निर्माण गर्न सहयोग उपलब्ध गराउन प्र.अ. लाई अनुरोध गर्ने<br>• शिक्षण प्रभावकारी बनाउने विषयमा छलफल गर्न स्टाफ बैठक बस्ने<br>• शिक्षण योजना प्रस्तुत गर्ने<br>• प्र.अ. लाई समय समयमा कक्षा अवलोकन गर्न लगाउने |
| ५. | प्रशिक्षक/ रोस्टर प्रशिक्षक/ शिक्षा अधिकृत/ प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक<br>(तालिम अवधिभर) | ० | २ | • प्रधानाध्यापकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्शका लागि अनुरोध गर्ने<br>• प्रधानाध्यापकसँग समन्वय गरी शिक्षा शाखाको रोष्टर प्रशिक्षक/मेन्टर शिक्षकलाई कक्षा अवलोकनका लागि अनुरोध गर्ने |

| ........... | ........................ | .............................. | .................. |
|---|---|---|---|
| मिति | शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

## शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन

शिक्षकको नामः हेमन्त पराजुली

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय, कालीगण्डकी गाउँपालिका-०७, मिर्मी स्याङ्जा

योजना अवधिः २०८२/१०/२० गतेदेखि २०८२/११/२५ गतेसम्म

| क्र. स. | सूचक | मौजुदा स्थिति | अपेक्षित लक्ष्य | पूरा गर्न सम्पादन गरिएका कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीको औषत उपलब्धि प्राप्ताङ्क | | | | | |
| | कक्षाः ८<br>विषयः नेपाली | ६५ | ७५ | • पाठयोजना निर्माण गरी उपयुक्त सिकाइ सामग्रीको प्रयोग गरी शिक्षण गरियो ।<br>• शिक्षणका क्रममा सिकारूमा देखिएको समस्या पहिचान गर्दै सहजीकरण गरियो।<br>• ICT को प्रयोग गरी शिक्षण गरियो ।<br>• कमजोर विद्यार्थीलाई योजना बनाई उपचारात्मक शिक्षण गरियो ।<br>• अभिभावकलाई नेपाली भाषा शिक्षणले अन्य विषयको शिक्षणमा पुऱ्याउने सहयोग र आन्तरिक मूल्याङ्कनबारे जाकारी गराइयो । | ७२ | • शिक्षण योजना निर्माण गरी योजनाबद्ध रुपमा शैक्षिक सामग्री र प्रविधिको प्रयोगले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरियो भने अपेक्षित लक्ष्य सहजै हासिल हुनुका साथै सिकारूको सक्रियता बढ्नुका साथै सिकाइ सान्दर्भिक र सहज भयो । |
| २. | मूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगको स्थिति (न्यूनबाट उच्च | २ | ३ | • पाठ अनुसार स्थानीय तहमा सजिलै उपलब्ध हुने सामग्रीको प्रयोग गरी शिक्षक विद्यार्थीको | ३ | • प्रविधिको प्रयोग र सहकार्यले अपेक्षित लक्ष्य सजिलै प्राप्त गर्न सकिने अनुभव प्राप्त गरियो । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तहका दरमा १,२,३,४ मा मापन गर्ने) | | | सहकार्यमा सामग्री निर्माण गरियो ।<br>• विषयवस्तुलाई प्रोजेक्टर, स्मार्ट बोर्ड, डिजिटल सामग्रीहरू, मोबाइल एप्स, भिडियो अडियो सामग्रीको प्रयोग गरी AI Tool Notebooklm प्रयोग गरी सामग्री निर्माण गरियो ।<br>• माथिल्लो तहको विषय शिक्षकसँग सामुहिक छलफल गरी शैक्षिक सामग्री निर्माण गरी प्रयोग गरियो ।<br>• विद्यार्थीलाई विभिन्न सामग्री निर्माण गर्ने क्रियाकलापमा सहभागी गराइयो । | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | २ | ४ | • शिक्षक निर्देशिका प्रयोग गरी दैनिक पाठयोजना निर्माण गरी सहजीकरण गरियो ।<br>• कठिन लागेका पाठलाई माथिल्लो तहको विषय शिक्षकसँग छलफल गरी क्रियाकलाप तयार गरी सिकाइ सहजीकरण गरियो। | ४ | • स्रोत सामग्रीको प्रयोग गरी क्रियाकलापको योजना निर्माण गरी शिक्षण गरियो भने सिकाइमा प्रभावकारीता हुने रहेछ भन्ने अनुभव गरियो । |
| ४. | सो मूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त | १ | ३ | • शैक्षिक सामग्री निर्माण गर्न सहयोग उपलब्ध | ३ | • विद्यालय प्रशासनको सहयोगले शैक्षिक सामग्री निर्माण र खरिदका लागि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय प्र.अ.बाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहका दरमा १,२,३,४ मा मापन गर्ने) | | | गराउन प्र.अ. लाई अनुरोध गरियो ।<br>• शिक्षण प्रभावकारी बनाउने विषयमा छलफल गर्न स्टाफ बैठक बसी छलफल गरियो ।<br>• बैठकमा शिक्षण योजना प्रस्तुत गरियो ।<br>• प्र.अ. लाई समय समयमा कक्षा अवलोकन गर्न लगाइयो । | | सहज गरिएको हुँदा शिक्षण सिकाइ क्रियाकलाप सहज र सरल भयो । |
| ५. | प्रशिक्षक/ रोस्टर प्रशिक्षक/ शिक्षा अधिकृत/ प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक<br>(तालिम अवधिभर) | ० | २ | • प्रधानाध्यापकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्शका लागि अनुरोध गरियो ।<br>• प्रधानाध्यापकसँग समन्वय गरी शिक्षा शाखाको रोष्टर प्रशिक्षक/मेन्टर शिक्षकलाई कक्षा अवलोकनका लागि अनुरोध गरियो । | २ | • अवलोकन र सुझावले शिक्षण सिकाइमा थप सुधार ल्यायो ।<br>• शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनका लागि पृष्ठपोषण लिने अवसर प्राप्त भयो । |

| .......... | ...................... | ............................ | .................. |
|---|---|---|---|
| मिति | शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

## परियोजना कार्य २
## शिक्षण सुधार योजना प्रतिवेदन

शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनुपर्ने परियोजना कार्य २ अन्तरगत "शिक्षण सुधार योजना" पनि एक हो । शिक्षण सुधार योजना शिक्षणलाई अझ प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन प्रयोग गरिने रणनीति हो । यसले शिक्षकलाई उद्देश्यपूर्ण, विद्यार्थी केन्द्रित र परिणाममुखी शिक्षण गर्न प्रेरित गर्छ । यस योजनाअन्तर्गत सिकाई सामग्री र आइसिटीको प्रयोगलाई प्राथमिकता दिइन्छ भने सहकार्यत्मक सिकाई परियोजना कार्य प्रश्नोत्तर र अन्तरक्रियात्मक गतिविधिलाई प्रोत्साहन गरिन्छ । शिक्षण सुधार योजनाले शिक्षकको निरन्तर व्यावसायिक विकास, कक्षाकोठा व्यवस्थापन र अनुशासनलाई पनि मजबुत पार्छ। यस मार्फत विद्यार्थीलाई सिर्जनात्मक आत्मविश्वासी र जिम्मेवार बनाउँदै सिकाई परिणामलाई नियमित मूल्याङ्कन गर्ने आधार तयार हुन्छ। साथै, स्थानीय सन्दर्भअनुरुप सामग्री प्रयोग गर्ने र वातावरण मैत्री शिक्षणलाई प्रवर्द्धन गर्ने उद्देश्य पनि यसमा समावेश हुन्छ । अन्ततः शिक्षण सुधार योजना गुणस्तरीय शिक्षा र दिगो सिकाई सुनिश्चित गर्ने महत्त्वपूर्ण माध्यम हो। शिक्षण सुधार योजना कार्यान्वयन गरिसकेपछि मेरो मनमा लागेको अनुभूति तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरिएको छ ।

### १. अनुभूति

योजना कार्यान्वयन गर्दा मैले निकै सकारात्मक अनुभव प्राप्त गरे कक्षा ८ को नेपाली विषयमा शिक्षक विद्यार्थी निर्मित शैक्षिक सामग्री र ICT को प्रयोग गरी शिक्षण गर्दा सिकाई सहजीकरण क्रियाकलाप रमाइलो र प्रभावकारी बन्यो । भाषा शिक्षण गर्दा विभिन्न AI टुलको उपयोग गर्दा विद्याथीलाई सिकाइ प्रति अभिरूचि जगाउन सजिलो भयो ।स्मार्ट बोर्डका माध्यमबाट Notebooklm को उपयोग गरी निर्मित सामग्री, पाठगत सार र पाठको भिडियोसार प्रस्तुत गर्दा सिकाइ प्रभावकारी र आकर्षक बन्यो । कमजोर विद्यार्थीलाई फरक समूह निर्माण गरी अभ्यास गराउँदा र आन्तरिक मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापसँग जोडेर सहजीकरण गर्दा विद्यार्थीमा आत्मविश्वास बढेको देखियो । सहकर्मी शिक्षक तथा माथिल्लो तहका शिक्षकहरूसँगको छलफल र विचार आदानप्रदानले सिकाइ प्रक्रिया थप सहज भयो ।

### २. तथ्य

कक्षा ८ को नेपाली विषयमा ७५% लक्ष्य राखिएको थियो, जसमा ७२% सम्म पुगियो । नेपाली भाषा शिक्षण गर्दा स्थानीय सामग्रीको उपयोग गरी निर्मित सामग्री र ICT को प्रयोग गरियो ।कमजोर विद्यार्थीलाई उपचारात्मक शिक्षण गरियो र अभिभावकसँग छलफल गरी सिकाई अभ्यासका लागि अतिरिक्त समय सुनिश्चित गर्नुका साथै

नेपाली भाषा शिक्षणले अन्य विषयको शिक्षणमा पार्ने भाषिक प्रभाव, आन्तरिक मूल्याङ्कनका तौरतरिका र साधनका बारे छलफल गरियो ।यसले सिकाइ प्रभावकारी हुनुका साथै कक्षाकोठा रमाइलो र सान्दर्भिक भयो ।

**३. प्रतिक्रिया**

शिक्षण सुधार योजना अन्तरगत शिक्षण सुधार प्रभावकारी रह्यो । कक्षा आठको नेपाली भाषा शिक्षणका आइसिटीको उपयोग र स्थानीय स्तरमै शिक्षक विद्यार्थी निर्मित शैक्षिक सामग्री उपयोग गरी शिक्षण सिकाइमा देखा परेका समस्यामा केन्द्रित शिक्षण गरियो । शब्दपत्ती, वाक्यपत्ती, AI Tool Notebooklm निर्मित पाठसार र भिडियोसारको प्रयोगले कक्षाको आकर्षक र प्रभावकारी बनायो । प्रधानाध्यापक, मेन्टर शिक्षकको सहयोग र सहकर्मी शिक्षकहरूको सहकार्य र अभिभावक सहभागिताले सिकाइ प्रक्रिया सरल, व्यवहारिक र उपलब्धिमूलक बनायो ।

शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# विद्यार्थीहरू किन लयबद्ध कविता वाचनमा कमजोर छन् ?

शीर्षकमा तयार पारिएको एक

कार्यमूलक अनुसन्धान

परियोजना कार्य-३


तयार गर्ने

नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः info@hemantaparajuli.com.np

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

## शीर्षकः "विद्यार्थीहरू किन लयबद्ध कविता वाचनमा कमजोर छन् ?" लाई आधार मानेर तयार पारिएको एक कार्यमूलक अनुसन्धान

**१. पृष्ठभूमि :**

म भगवती  माध्यमिक विद्यालयको आधारभुत तह (नि.मा.वि)को नेपाली विषय शिक्षक हुँ, मैले कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई नेपाली भाषा विषय सिकाउँछु । मेरा अधिकांश विद्यार्थीहरू नेपाली विषयमा समावेश गरिने साहित्यको पद्य विधा अन्तर्गत पर्ने कविता वाचनमा निकै कमजोर छन् । मेरो यो अध्ययन कक्षा ८ का विद्यार्थीहरूमा केन्द्रित छ । कक्षा ८ मा १७ जना विद्यार्थीहरू छन् । विभिन्न जातजातिगत पृष्ठभूमिबाट आएका उनीहरूमध्ये केही विद्यार्थीले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् । तल्लो कक्षादेखि नै नेपाली विषय अन्तर्गत कविता विधासँग परिचित हुँदै आएका उनीहरू ८ कक्षासम्म आइपुग्दा पनि गति, यति र लयका साथ स्पष्टसँग कविताको शुद्ध वाचन गर्न नसक्नुले मलाई थप चुनौति दिएको छ । पाठ्यक्रमले कविता विधाबाट लयबोध, भाववोध योताजस्ता विशिष्ट सिपको अपेक्षा गरेको छ । कविता वाचनमा अभ्यस्त नहुँदा लयबोध र भावग्रहणमा समस्या उत्पन्न भई ज्ञानार्जनमै अवरोध हुन पुग्छ, त्यसैले मेरा विद्यार्थीहरू ८ कक्षासम्म आइपुग्दा पनि किन लय वाचनमा कमजोर छन् ? के कारणले उनीहरूलाई अवरोध गरिरहेको छ ? भन्ने कुरामा नै मेरो यो अध्ययन केन्द्रित रहेको छ ।

**२. समस्याको पहिचान**

विद्यार्थीहरूमा कविताको लय वाचन सम्बन्धी समस्या देखेपछि मैले त्यो समस्या समाधान गर्नका निम्ति उक्त समस्याको जड पत्ता लगाउनु पर्ने देखियो । यसैकारण अनुसन्धानका लागि वास्तविक तथ्याङ्क संकलन गर्न मैले निम्न उपकरणहरू प्रयोग गरें ।

**३. समस्याको कारणहरू**

कक्षाकोठामा कविता शिक्षणका क्रममा लयबद्ध कविता वाचन सम्बन्धी समस्याको बारे विद्यार्थीसँग छलफल गर्दा तपसिलका कारण रहेको पाइयो ।

- तल्ला कविता शिक्षणको विशिष्टता ख्याल नगरी शिक्षण गरिएको
- लयबद्ध वाचन सुन्ने र अभ्यास गर्ने बानी नभएको
- कक्षाकोठामा लयबद्ध वाचनको ज्ञान नहुनु
- शिक्षकले पनि कविता र लयको सम्बन्धमा ध्यान नदिएको

- ❖ योजनाबद्ध शिक्षण नगर्दा उच्चारण शिक्षण सम्बन्धी समस्या रहेको
- ❖ पठन सिप विकासका क्रियाकलाप नभएका
- ❖ विद्यार्थीहरू कविता वाचन गर्न लाज मान्ने गरेका

**४. समस्या समाधानका सम्भाव्य उपायहरू**

कविता शिक्षणका क्रममा देखा परेका समस्या समाधानका लागि सम्भाव्य उपायहरू तपसिलमा रहेका छन् ।

- ❖ तल्ला कक्षादेखि नै कविता शिक्षणको विशिष्टतालाई ख्याल गरी कविता शिक्षणको मूख्य कार्याकलाप लयबद्ध कविता वाचन अभ्यास सिकाउने
- ❖ कक्षाकोठामा युट्युबबाट मोबाइल वा स्पिकरको सहायताले कविता वाचन सुनाउँदै पटक पटक सोही अनुसार वाचन अभ्यास गराउने
- ❖ शिक्षकले लयबद्ध वाचन अभ्यासका साथै पठन सिप विकासका लागि जोड दिने
- ❖ कठिन शब्दको टिपोट गराई पटक पटक उच्चारण अभ्यास गराउँदै कविता वाचनको लागि अभ्यस्त गराउने
- ❖ ICT को उपयोग गरी कक्षाकोठामा विद्यार्थीलाई कविता वाचन अभ्यासमा अभ्यस्त बनाउने
- ❖ सामुहिक वा एकल रूपमा वाचन अभ्यास गराउने

**क. योजना : (प्रथम चक्र)**

प्रस्तुत समस्यामा कार्यमूलक अनुसन्धान कार्य गर्नका लागि समस्या पहिचानमा देखिएका समस्याहरूमध्ये मूख्य रूपमा देखिएका विकल्पलाई अनुसन्धानको आधार मानी प्रस्तुत कार्ययोजना तयार गरें ।

| **क.सं** | **के गर्ने ?** | **किन गर्ने ?** | **कसरी गर्ने ?** | **कहिले गर्ने ?** |
|---|---|---|---|---|
| १. | विभिन्न कविता सुनाउने | लयवाचन तरिका र कवितामा हुने शब्दोच्चारण बारे जानकारी दिन । | मोबाइल वा स्पिकर प्रयोग गरी | हप्तामा एक पटक प्रत्येक शुक्रबार |
| २. | लय सजिलो भएका गीति कविताहरू वाचन गराउने | विद्यार्थीहरुमा भएको लज्जा हटाउन । | समाजमा प्रचलित लोकगीत सङ्कलन गर्न लगाएर | प्रत्येक शुक्रबार १ नं को क्रियाकलाप पश्चात |

| | | | | |
|---|---|---|---|---|
| ३. | सामुहिक रुपमा मन पर्ने गीत गायन | लयवाचनमा अभ्यस्त गराउन । | स्वर राम्रो भएका विद्यार्थीलाई प्रोत्साहन गरेर | हप्ताको एक दिन प्रत्येक सोमबार |
| ४. | निर्देशित कविताको नमुना वाचन,सामुहिक वाचन,एकल वाचन | गति, यति, लय र शुद्धोच्चारण सहित वाचन अभ्यास गराउन । | शिक्षक र विद्यार्थीको सक्रियतामा | प्रत्येक पाठ सकिँदाको अन्तिम दिन |

ख. **कार्यान्वयन :**

मैले योजनामा उल्लेख गरे अनुसारकै प्रक्रिया पूरा गरी उद्देश्य पुरा गर्नका लागि अनुसन्धान प्रक्रियालाई कार्यान्वयन गरेको थिएँ । कार्यान्वयन तथा क्रियाकलाप सञ्चालन गर्ने सन्दर्भमा क्रमैसँग गरिएका कामकुराहरूको विवरण बुँदागत रूपमा यसप्रकार रहेका छन् :

- ❖ प्रथमतः कक्षा सञ्चालन भएको समयमा कविता वाचनका विभिन्न अडियोहरु सुनाइएको,
- ❖ गाउँघरमा प्रचलित गीति कविता सङ्कलन गरी वाचन गर्न लगाइएको,
- ❖ कविताभित्र समावेश भएका नवीन शब्दको सामूहिक रुपमा उच्चारण शिक्षणको अभ्यास गराइएको,
- ❖ गीत अन्ताक्षरी प्रतियोगीता सञ्चालन गरी विद्यार्थीलाई उत्साहित गराइएको,
- ❖ शिक्षकद्वारा पर्याप्त रुपमा नमुना वाचनहरु गरिएको,
- ❖ सामूहिक वा एकल वाचनमा प्रतिस्पर्धात्मक भावना जागृत गराइएको,

**ग. अवलोकनः**

प्रस्तुत कार्यमूलक अनुसन्धान गर्दा उद्देश्य पूरा गर्नका लागि योजनामा उल्लेख भएअनुसारका छलफल, प्रश्नोत्तर र अन्तरक्रियात्मक क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन गरिसकेपछि मैले फेरी विद्यार्थीहरुमा के कति उपलब्धि हासिल भयो ? अथवा मैले गराएका विविध कार्यकलापहरुले काम गरिरहेका छन् कि छैनन् ? भन्ने जान्न उनीहरुको पुनः परीक्षण गरेँ ।

पुनः परीक्षण गर्दा लज्जाको कारण कविता वाचन गर्ने विद्यार्थीहरु कोही पनि भेटिएनन् भने गति, यति र लयका साथ वाचन गर्ने विद्यार्थीहरु १ बाट बढेर १५ जना पुगे । कक्षाका सबै विद्यार्थीहरु कविता वाचन सिप हासिल गर्न उत्सुक देखिए ।

**घ. प्रतिबिम्बनः**

योजना अनुसार कार्यान्वयन र कार्यान्वयनको अवलोकन गरेपछि मैले लय वाचनका लागि यसरी नै पर्याप्त क्रियाकलाप गराउनुपर्ने र नमुना वाचन, श्रव्य सामग्री र सामूहिक वाचनमा विशेष समय खर्चिनुपर्ने तथा पहिले पहिले गर्दै आएको शिक्षण सहजीकरण प्रक्रियामा परिवर्तन गर्नुपर्ने देखियो । मैले बनाएका योजनामा राखिएका क्रियाकलापहरुले वास्तवमै राम्रो काम गरिरहेका थिए तर पनि दोस्रो भाषी केही विद्यार्थीहरु र अन्य केहि कमजोर विद्यार्थीमा लयवाचन र अशुद्धोच्चारणको समस्या यथावत् जस्तै देखियो । आफूले निर्धारण गरेको उद्देश्य अधिक रूपमा पुरा भएको निष्कर्ष निकालेर प्रस्तुत कार्यमूलक अनुसन्धानको प्रतिवेदन तयार गरेको छु । प्रथम चक्रमा नै निर्धारण गरेको अपेक्षित उपलब्धि हासिल धेरै जसो हासिल भएको निष्कर्षमा पुगेको छु ।

**ङ. निष्कर्ष र प्राप्तिको कक्षा कोठामा प्रयोग :**

कार्यमूलक अनुसन्धानको प्रस्तावमा भनेजस्तै गर्दै सिक्दै र सिक्दै गर्दै जाने पद्धति र प्रक्रिया अपनाई अनुसन्धान कार्यलाई कक्षाकोठामा प्रयोग गरेको थिएँ । कार्यमूलक अनुसन्धान प्रस्तावमा देखिएका समस्या अधिक रुपमा समाधान भएको अनुभव गर्दै कक्षाकोठामा आवधिक रुपमा कार्यान्वयन गर्ने निष्कर्ष निकालेको छु ।

## परियोजना कार्य ३

## कार्यमूलक अनुसन्धानको प्रतिवेदन

यस शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनु पर्ने परियोजना कार्य ३ अन्तर्गत कक्षा ८ का विधार्थीहरुमा प्यारो प्रकृति कविता शिक्षण गर्दा **विद्यार्थीहरू किन लयबद्ध कविता वाचनमा कमजोर छन्** ? शीर्षकलाई आधार मानेर एक कार्यमूलक अनुसन्धान गरियो । यस कार्यसम्पन्न गरी सकेपछि मेरो मनमा लागेको अनुभूति तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरेको छु ।

### १. अनुभूति

यो कार्यमूलक अनुसन्धानले मलाई शिक्षकको भुमिका प्रति अझ बढी सचेत बनायो । सुरुमा कविता शिक्षण गर्दा विद्यार्थीहरूले लयबद्ध वाचन नगरेको र शिक्षकले आदर्श वाचन गर्दा विद्यार्थी हाँसेको कारणले कक्षा अलि प्रभावकारी नभएको र निष्क्रिय जस्तो देखिन्थ्यो । कक्षा आठका बालबालिकालाई कविताको लयबद्ध वाचन प्रति सचेत र सक्रिय बनाउन निरन्तर अभ्यास र आदर्श वाचन आवश्यक पर्ने रहेछ। जब विद्यार्थीहरुले आदर्श वाचन श्रवण गरी अनुवाचन र निरन्तर अभ्यास गरे त्यो मेरो लागि निकै सन्तोषजनक थियो ।

### २. तथ्य

अनुसन्धान सुरु गर्दा १७ जना मध्ये १५ जना विद्यार्थीले कविताको लयबद्ध वाचन गर्न नसक्ने समस्या देखिएको थियो । पहिलो कक्षामा ५ जनाले सामान्य प्रयास गरेर सुधारिए भने अनुसन्धान पछि निरन्तर अभ्यासले सम्पुर्ण विद्यार्थीले सहजै कविता वाचन गर्न थाले । कविता गति,यति र लय मिलाई वाचन गर्ने विद्यार्थीहरूलाई पुरस्कार, प्रशंसा र ताली दिँदा उनीहरूको आत्मविश्वास बढ्यो। कक्षाको वातावरण प्रभावकारी, हर्षोल्लासपूर्ण सक्रिय र सिकाइमुखी बन्यो।

### ३. प्रतिक्रिया

विद्यार्थीहरुले गति, यति र लय मिलाइ कविता वाचन गर्दा कक्षाकोठामा छुट्टै खालको उत्साह देखियो। तालि, प्रेरणा प्रशंसा र पुरस्कार पाउँदा विद्यार्थीहरुमा खुसी आनन्द र हौसला देखियो । साथी - साथीबिच सहयोगी वातावरण सिर्जना गर्दा समूह सिकाइ प्रभावकारी हुन्छ। आगामी दिनमा निरन्तर ICT को उपयोग, निरन्तर अभ्यास, आदर्श वाचनले सिकाइमा विद्यार्थी उत्प्रेरित हुने र सिकाइ सहजीकरण प्रभावकारी हुने देखिन्छ ।

शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# पाठ अध्ययन

## परियोजना कार्य-४


तयार गर्ने

नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः info@hemantaparajuli.com.np

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

# पाठ अध्ययन योजना -२०८२

स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका वडा नं ७ मा अवस्थित श्री भगवती माध्यमिक विद्यालयमा मिति २०८२/१०/२० गते प्रधानाध्यापक रामप्रसाद पाण्डेको अध्यक्षतामा बैठक बसी हेमन्त पराजुलीको संयोजकत्वमा रामप्रसाद पाण्डे, शान्तादेवी थापा, हरिकला पाण्डे, निर्मला भट्टराई सदस्य रहने गरी पाठ अध्ययन समूह गठन गरियो । उक्त पाठ अध्ययन समूह मिति २०८२/१०/२३ गते बैठक बसी कक्षा आठको पाठ ९ नेपालको वैदेशिक व्यापार पाठमा रहेको भाषिक संरचना सिकाइ क्षेत्रको पदवर्ग अन्तरगत नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग शिक्षण गर्दा विषयवस्तुमा विद्यार्थीको सिकाइ अपेक्षित स्तरमा नपुगेको अनुभूति भएपछि पदवर्ग शिक्षणमा भएको समस्यामा आधारित भई पाठ अध्ययन गर्ने निर्णय गरियो । सामुहिक छलफलले पाठ योजना निर्माण गरी शिक्षक हेमन्त पराजुलीले पाठ प्रदर्शन गर्ने तथा पाठ अध्ययनका लागि तपसिल बमोजिमको कार्यतालिका निर्धारण गरियो ।

## चरण १ योजना तर्जुमा

### पाठ अध्ययन कार्यतालिकाः२०८२

| क्र.स | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | प्रारम्भिक बैठक | २०८२/१०/२० |
| | पाठ योजना तयारी सुरुवात | २०८२/१०/२३ |
| २ | पाठ योजना मस्यौदाका सम्बन्धमा समूह छलफल सञ्चालन | २०८२/१०/२६ |
| | पाठ योजना परिमार्जन | २०८२/१०/२६ |
| ३ | अन्य शिक्षकहरूबाट पृष्ठपोषण प्राप्त गर्नका लागि सुक्ष्म शिक्षण सञ्चालन | २०८२/१०/२९ |
| | पाठ योजनालाई अन्तिम रुप प्रदान | २०८२/११/०१ |
| ४ | पाठ प्रदर्शन तथा अवलोकन र अवलोकन पश्चात पाठका सम्बन्धमा छलफल | २०८२/११/०४ |

## चरण २ कार्यान्वयन

छलफले अन्तिम रूप दिएको पाठ योजना अनुसार पाठ सञ्चालन गर्ने त्यस क्रममा पाठ अध्ययनन समूहका अन्य शिक्षकले निम्न पक्षहरूमा अवलोकन गर्न कक्षामा उपस्थित हुनेः

- ❖ सबै विद्यार्थीहरुले क्रियाकलापमा सक्रियतापूर्वक भाग लिएका छन् वा छैनन् ?
- ❖ सबै विद्यार्थीहरूले दिएका कक्षाकार्यहरू सफलतापूर्वक गरे वा गरेनन् ?
- ❖ विद्यार्थीको सिकाइलाई थप प्रभावकारी र रोचक कसरी गर्न सकिएला ?

## चरण ३ प्रतिबिम्वन

पाठ सञ्चालनपछि पाठका सम्वन्धमा पाठ प्रदर्शन गर्ने शिक्षक र अवलोकनकर्ता शिक्षहरू विचमा निम्न विषयमा छलफल गर्न बैठक बस्नेः

- ❖ पाठ प्रदर्शन गर्ने शिक्षकले आफुले पढाएको पाठको समीक्षा गर्ने पाठका सबल पक्षहरूमा छलफल गर्ने
- ❖ पाठ सञ्चालनका क्रममा विद्यार्थीले देखाएको सक्रियता सिकाइ प्रतिको उत्सुकता प्राप्त सिकाइ लगायत सम्पूर्ण कक्षा गतिविधिका बारेमा छलफल सुझाव तथा पृष्ठपोषणको सम्बन्धमा छलफल गर्ने
- ❖ पुनविचार वा पुन परीक्षण गर्न आवश्यक विषयमा छलफल गर्ने

## चरणः ४ सुधार

पाठको प्रतिबिम्बन पछि प्राप्त अनुभवको आधारमा नयाँ पाठको अध्ययन गर्ने, त्यस क्रममा प्रतिबिम्बन छलफलमा अवलोकनकर्ता शिक्षकहरूबाट उठेका विचारहरू तथा सुझावहरू र विद्यार्थीको सिकाइ सम्बन्धमा अवलोकनका बेलामा देखिएका सबल र दुर्वल पक्षहरूलाई ध्यानमा राखेर पाठ अध्ययनको नयाँ चक्र सुरु गरी कार्यान्वयन गर्ने ।

# पाठ अध्ययन एक प्रतिवेदन

## १. पृष्ठभूमि

शिक्षक पेसागत विकास प्रारूप २०८० ले शिक्षक पेसागत विकासका १० वटा विधिहरू तोकेको छ । तीमध्ये एक प्रभावकारी विधि / रणनीति **पाठ अध्ययन** हो । शिक्षकको व्यावसायिक विकासका लागि अपनाइने विभिन्न रणनीतिहरूमध्ये पाठ अध्ययन हालको सन्दर्भमा अनुसन्धानमा आधारित, परिमार्जित र प्रभावकारी विधिका रूपमा स्थापित भएको छ ।

यस विधिको मुख्य उद्देश्य शिक्षण सिकाइ प्रक्रियामा गुणात्मक सुधार ल्याउनु र विद्यार्थीको सिकाइ उपलब्धिमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नु हो । पाठ अध्ययनको सुरुआत जापानमा भएको मानिन्छ, जुन १९ औं शताब्दीको अन्त्य र २०औं शताब्दीको प्रारम्भमा विकसित भएको थियो । त्यसबेलादेखि सुरु भएको यो विधि अहिले विश्वभर शिक्षक पेसागत विकासको प्रभावकारी अभ्यासका रूपमा लागू भइसकेको छ ।

पाठ अध्ययनमा शिक्षकहरूको सहकार्यपूर्ण टोलीले शिक्षण अभ्यासको गहिरो विश्लेषण गर्छ । विद्यार्थीलाई कठिन लाग्ने विषयवस्तु पहिचान गरी त्यसको समाधानका लागि विस्तृत योजना तयार गरिन्छ । त्यसपछि उक्त योजना वास्तविक कक्षामा कार्यान्वयन गरिन्छ र सहकर्मी शिक्षकहरूले प्रत्यक्ष अवलोकन गरी समीक्षा गर्छन् । प्राप्त नतिजा र प्रतिक्रियाका आधारमा सुधारात्मक कदमहरू तय गरिन्छ ।

नेपाली भाषा शिक्षण सुधारका लागि पाठ अध्ययन अझ महत्त्वपूर्ण मानिन्छ । विद्यार्थीलाई सिकाइमा आउने साझा समस्या वा कठिनाइलाई शिक्षकहरूले सामूहिक छलफलमार्फत समाधान गर्ने अवसर प्राप्त हुन्छ । यसरी पाठ अध्ययन एक समष्टिगत, वैज्ञानिक र सहयोगी विधि हो, जसले विद्यार्थीलाई केन्द्रमा राखेर सिकाइलाई अझ प्रभावकारी र स्थायी बनाउन मद्दत गर्दछ ।

सोही सन्दर्भमा कक्षा आठको पाठ ९ नेपालको वैदेशिक व्यापार पाठमा रहेको भाषिक संरचना सिकाइ क्षेत्रको पदवर्ग शिक्षण गर्दा नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग पाठ्यवस्तुमा विद्यार्थी निरन्तर झुक्किएको र सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुगेको अनुभूति भएपछि पदवर्ग शिक्षणमा भएको समस्यामा आधारित भई पाठ अध्ययन गर्ने निर्णय गरी सो अनुरूप पाठ अध्ययन समूह गठन गरी काम सुरु गरियो ।

## २. योजना

सर्वप्रथम, मैले शिक्षा तालिम केन्द्र तनहुँ, विस्तारित शाखा पोखरामा सञ्चालन भएको एक महिने प्रमाणीकरण तालिमबाट विद्यालयमा फर्किएपछि प्रधानाध्यापक र सहकर्मी साथीहरूलाई पाठ अध्ययनको बारेमा जानकारी

गराए। प्रधानाध्यापक र सहकर्मी शिक्षकहरुबाट पाठ अध्ययनको नमुना शिक्षण गर्ने सहमति हुँदा पाठ अध्ययन कार्यान्वयन गर्नका लागि आगामी क्रियाकलापको एक कार्यतालिका निर्माण गरे जुन यसप्रकार छ ।

| क.स | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | प्रारम्भिक बैठक | २०८२/१०/२० |
| | पाठ योजना तयारी सुरुवात | २०८२/१०/२३ |
| २ | पाठ योजना मस्यौदाका सम्बन्धमा समूह छलफल सञ्चालन | २०८२/१०/२३ |
| | पाठ योजना परिमार्जन | २०८२/१०/२६ |
| ३ | अन्य शिक्षकहरूबाट पृष्ठपोषण प्राप्त गर्नका लागि सुक्ष्म शिक्षण सञ्चालन | २०८२/१०/२९ |
| | पाठ योजनालाई अन्तिम रुप प्रदान | २०८२/११/०१ |
| ४ | पाठ प्रदर्शन तथा अवलोकन र अवलोकन पश्चात पाठका सम्बन्धमा छलफल | २०८२/११/०४,०५ |

❖ उक्त योजना अनुसार विद्यालयका प्रधानाध्यापकसहित शिक्षकहरूको मिति २०८२/१०/२० गते दिउँसो ४:१० बजे स्टाफ बैठक बसी पाठ अध्ययनका बारेमा सम्पूर्ण स्टाफलाई जानकारी गराउँदै पाठ अध्ययन समूह गठन गरियो ।

❖ मिति २०८२/१०/२३ गते पाठ अध्ययन समूहको बैठक बसी सिकारुलाई बुझ्न गाहो र शिक्षकलाई बुझाउन चुनौती रहेको कक्षा आठको पाठ ९ नेपालको वैदेशिक व्यापार पाठमा रहेको भाषिक संरचना सिकाइ क्षेत्रको पदवर्ग अन्तरगत नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग शिक्षण गर्दा विद्यार्थी निरन्तर झुक्किएर अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन समस्या रहेको पहिचान गरी सोही पाठको पाठ अध्ययन गर्ने निर्णय गरियो ।

❖ मिति २०८२/१०/२३ गतेका दिन पाठ अध्ययन समूहका शिक्षकहरू हामी पाँच जनाले पदवर्ग शिक्षणको पाठ योजना तयार गर्न, सो पाठको योजना प्रस्तुत गर्न र कक्षा शिक्षण गर्न शिक्षक हेमन्त पराजुलीलाई लगाउने निर्णय गरियो ।

- मिति २०८२/१०/२३ गतेका दिन हामी पाँच जना शिक्षकहरू बैठक बसी पाठ अध्ययन समूहका संयोजक हेमन्त पराजुलीले तयार गरेको पाठ योजनामा व्यापक छलफल गरियो र नपुग कुराहरुमा थप गरी पृष्ठपोषण प्रदान गरियो । यसरी छलफल पश्चात् नमुना पाठ योजनाको मस्यौदा तयार गरियो ।
- त्यसपछि मिति २०८२/१०/२९ गते मसान्तका दिन प्रधानाध्यापक र अन्य सबै स्टाफको नियमित बैठकमा मस्यौदा पाठ योजनाको सूक्ष्म शिक्षण शिक्षक हेमन्त पराजुलीलाई प्रस्तुत गर्न लगाइयो र छलफल गरी क्रियाकलापको पृष्ठपोषण सहित पाठ योजनाको अन्तिम रुप प्रदान गरियो ।

**३. कार्यान्वयन**

उक्त योजना अनुसार मिति २०८२/११/०४ गतेका दिन शिक्षण सिकाई क्रियाकलापका लागि पाठ अध्ययन समूहका शिक्षकहरू कक्षामा प्रवेश गरियो ।अन्य शिक्षकहरुलाई विद्यार्थीहरूले कसरी सिक्छन्, कक्षा क्रियाकलापमा सक्रियतापूर्वक भाग लिएका छन् वा छैनन्, प्रश्नोत्तर गर्ने बेलामा प्रतिक्रिया दिन्छन् वा दिँदैनन्, उनीहरूको गल्ती वा त्रुटि आदि अवलोकन गर्नका लागि अन्तिम बेन्चमा सुपरिवेक्षण गर्ने जिम्मेवारी सहित राखियो । शिक्षकहरूको सामूहिक टोलीले अन्तिम रूप दिएको पाठयोजना अनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरियो । उक्त शिक्षण क्रियाकलापको क्रममा विद्यार्थीहरूको सिकाईको मूल्याङ्कन गरिनुको साथै पाठ प्रस्तुतकर्ता शिक्षकको क्रियाकलाप र प्रस्तुतीकरणलाई पनि अवलोकन गरियो ।

**४. प्रतिबिम्बन**

पाठ सञ्चालनपछि पाठका बारेमा प्रधानाध्यापक सहित पाठ अध्ययन समूहका शिक्षकहरू मिति २०८२/११/०५ गतेका दिन बैठक बसियो । छलफलले पाठका विषयमा गरिएका समीक्षाहरूः

- योजना अनुसार प्रभावकारी ढंगले पाठ सञ्चालन भएको
- विद्यार्थीहरू सिकाईप्रति कौतुहलताको साथ उत्सुक र सक्रिय भएको
- शिक्षण क्रियाकलाप सरल र सहज तरिकाले सञ्चालन गरिएको
- शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया भएको
- शैक्षणिक सामग्रीहरूको प्रभावकारी प्रयोगले विद्यार्थीहरूलाई नामयोगी र क्रियायोगीको धारणा सिकाउन सहज भएको
- केही विद्यार्थीहरूका लागि उपचारात्मक शिक्षणको व्यवस्था गर्नुपर्ने
- सहकार्यद्वारा समस्या समाधान गर्दा सजिलो भएको
- बालमैत्री वातावरणमा सिकाई सञ्चालन भएको

## ५. सुधार

आज मिति २०८२/११/०५ गतेका दिन बसेको शिक्षकको बैठकबाट शिक्षण प्रक्रिया सहज, सरल, प्रभावकारी, उद्देश्यमुखी र फलदायी भएको निष्कर्ष निकालियो । शिक्षण क्रियाकलापमा सम्पूर्ण विद्यार्थीहरूलाई सक्रिय सहभागिता गराइ सिकाई उपलब्धि हासिल गराउन उपचारात्मक शिक्षणमा पनि जोड दिने निचोड निकालियो । आगामी दिनका पाठ योजनामा प्रधानाध्यापक र सहकर्मी शिक्षकहरूको सुझाव अनुसार सुधार गर्न खेलविधि र थप शैक्षिक सामग्रीहरू समावेश गरिनेछ ।

अध्ययनकर्ता शिक्षक

नामः हेमन्त पराजुली

हस्ताक्षरः

प्रधानाध्यापक

नामः रामप्रसाद पाण्डे

हस्ताक्षरः

## परियोजना कार्य- ४

## पाठ अध्ययन प्रतिवेदनसँग सम्बन्धित

यस शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनुपर्ने परियोजना कार्य-४ अन्तर्गत “पाठ अध्ययन” शीर्षक लाई आधार मानेर एक परियोजना कार्य गरियो । यस कार्य सम्पन्न गरी सकेपछि मेरो मनमा लागेको अनुभूति, तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरेको छु।

### १. अनुभूति

पाठ अध्ययनको सम्पूर्ण प्रक्रियामा संलग्न हुँदा मलाई एउटा नयाँ शैक्षिक अनुभवको अनुभूति भयो। सहकर्मी शिक्षकहरूसँग मिलेर योजना बनाउने, कक्षामा प्रस्तुत गर्ने र समीक्षा गर्ने क्रमले मलाई आत्मविश्वासी र प्रेरित बनायो। बालमैत्री वातावरण, खेल विधि र दृश्य सामग्रीको प्रयोगले सिकाइलाई रमाइलो र आकर्षक बनायो। शिक्षकहरूले सिकाइ प्रक्रियामा आफ्नै अभ्यासको मूल्याङ्कन गर्ने अवसर पाए।विद्यार्थीहरूको सक्रिय सहभागिता देख्दा निकै खुसी लाग्यो । पाठ अध्ययनको माध्यमबाट सिकाइ अझ गहिरो र प्रभावकारी बनाउन सकिने रहेछ भन्ने बोध भयो ।

### २. तथ्य

- पाठ अध्ययन प्रक्रिया २०८२/१०/२०गतेदेखि२०८२/११/०५ गतेसम्म सञ्चालन गरियो।
- कक्षा ८ को नेपाली विषय व्याकरण अन्तरगत, पदवर्ग शिक्षणको पाठ चयन गरियो ।
- पाँच शिक्षकहरूको समुहले पाठ योजना तयार गर्यो, जसमा प्रस्तुतकर्ता म हेमन्त पराजुली थिएँ।
- ICT, शैक्षणिक सामाग्री र विभिन्न अनलाइन पोर्टलको प्रयोग गरिएको थियो।
- मस्यौदा पाठ योजनामा सूक्ष्म छलफल र परिमार्जनपछि अन्तिम रूप दिइयो ।
- शिक्षण प्रक्रियाको क्रममा पाठ अध्ययन समूहका शिक्षकहरूको प्रत्यक्ष अवलोकनमा शिक्षण गरियो ।

### ३. प्रतिक्रिया

पाठ अध्ययनले शिक्षकहरूबीच सहकार्य, योजना, प्रस्तुति र सुधारको माध्यमबाट सिकाइलाई प्रभावकारी बनाउन सघाएको देखियो । कक्षा कोठामा प्रयोग गरिएको शिक्षण विधि, सामग्री र गतिविधिहरूले विद्यार्थीको रुचि बढाएको थियो । पदवर्ग जस्तो जटिल विषयवस्तु विद्यार्थीलाई बुझाउन पाठ अध्ययन विधि विशेष प्रभावकारी ठहरियो। कमजोर विद्यार्थीहरूको सिकाइ सुनिश्चित गर्न थप रणनति र उपचारात्मक विधि आवश्यक पर्ने रहेछ ।ICT र शैक्षिक सामग्री समावेश गर्दा सिकाइ अझ आकर्षक, अन्तरक्रियात्मक र दीर्घकालीन प्रभावकारी हुनेरहेछ। भविष्यमा यस्ता क्रियाकलापहरूलाई निरन्तरता दिँदा सिकाइमा देखिने चुनौतीहरू सजिलै पहिचान र समाधान गर्न सकिनेछ ।

# अनुसूची २

# ।

## पाठ योजना

**मितिः** २०८२/११/०४ **समयः** ४५ मिनेट

**कक्षाः**८ **पिरियडः** दोस्रो

**विषयः** नेपाली **पाठ्यवस्तुः** पदवर्ग (नामयोगी र क्रियायोगी)

**पाठः** वैदेशिक व्यापार(भाषिक संरचना)

**अपेक्षित सिकाइ उपलब्धिः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न सक्षमता हासिल गर्न सक्नेछन् ।

- नामयोगी र क्रियायोगीको पहिचान गर्न

**शैक्षिक सामग्रीः** दैनिक क्रियाकलापमा प्रयोग हुने सामग्री, पाठ्यपुस्तक, नमुना शब्दपत्ती, अनुच्छेद

| समय | प्रश्न/क्रियाकलापहरू | विद्यार्थीको अपेक्षित प्रतिक्रिया | चरणगत मूल्याङ्कन |
|---|---|---|---|
| २ मिनेट | विद्यार्थीको अघिल्लो दिनको विषयवस्तुबारे जानकारी गराउँदै आजको पाठ्यवस्तुको जानकारी गराउने, | विद्यार्थीले अघिल्लो दिनको पाठ पुनरावृत्ति गर्नेछन् । | विद्यार्थीलाई विषयवस्तु अनुरूप प्रश्नोत्तर गरी सही र गलत सुनिश्चित गर्ने, |
| ८ मिनेट | नामयोगी र क्रियायोगी शब्द प्रयोग गरिएका वाक्य विद्यार्थी माझ प्रस्तुत गर्ने। | नामयोगी र क्रियायोगी पहिचान गर्नेछन् । | विद्यार्थीले पहिचान गरे नगरेको अवलोकन गर्ने, |
| १५ मिनेट | नामयोगी र क्रियायोगीको सामान्य परिचय उदाहरण सहित प्रस्तुत गर्ने, क्रियायोगीका विभिन्न अवस्थाको चर्चा गर्दै फरक रङले सङ्केत गरिएका नामयोगी र क्रियायोगी शब्द समावेश भएको अनुच्छेद प्रस्तुत गर्ने, विद्यार्थीलाई नामयोगी र क्रियायोगी गरी दुई समूहमा विभाजन गरी एकजना विद्यार्थीलाई अनुच्छेद पढ्न लगाइ अन्य विद्यार्थीलाई आफ्नो समूह अनुसार नामयोगी र क्रियायोगी छुट्टाछुट्टै टिप्न लगाउने, | रेखाङ्कित/ फरक रङले सङ्केत गरेका नामयोगी र क्रियायोगी पहिचान गरी टिपोट गर्नेछन् । | दुवै समूहले टिपोट गरेका नामयोगी र क्रियायोगी सही छ, छैन सुनिश्चित गर्ने, |
| १२ मिनेट | विद्यार्थीलाई समूह कार्यका लागि थप उदाहरण प्रस्तुत गर्ने, पाठ्यपुस्तकको अभ्यास २,३,४ मा केन्द्रित भएर पदवर्ग पहिचान अभ्यास गराउने, अलमलमा | पाठ्यपुस्तकको भाषिक संरचना र वर्णविन्यास अन्तरगतको अभ्यास गरी | पाठ्यपुस्तकमा आधारित अभ्यास कसरी गरेका छन् सोको अवलोकन गर्ने, |

| | | | |
|---|---|---|---|
| | परेका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण सहित सहजीकरण गर्ने | नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग गर्नेछन् । | |
| ५ मिनेट | विद्यार्थीको कपी परीक्षण गर्ने, आवश्यक पृष्ठपोषण सहित सहजीकरण गर्दै नामयोगी र क्रियायोगीका बारेमा थप स्पष्ट पारिदिने, | वाक्यमा प्रयुक्त नामयोगी र क्रियायोगीको पहिचान गर्न सक्ने छन् । | कपी परीक्षण गरी नामयोगी र क्रियायोगी पहिचान सही गरे/नगरेको अवलोकन गर्ने |
| ३ मिनेट | आजको कक्षाको मूख्य मूख्य कुराको सार प्रस्तुत गरी अभ्यासका लागि पाठ्यपुस्तकको अभ्यास गृहकार्य गर्न लगाउने | आजको पाठको मूख्यसार बताउन सक्नेछन् । | नामयोगी र क्रियायोगीको पहिचान गरी गृहकार्य गर्न सके नसकेको अवलोकन गर्ने |

...................... ............................... ...................

शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत विद्यालयको छाप

॥

## पाठयोजना सम्बद्ध सामग्री

### नामयोगी र क्रियायोगी शब्द प्रयोग गरिएका वाक्य

घर**मुनि** बारी छ। सुन्तला **साह्रै** रसिला छन्। बहिनी**सँग** नयाँ किताब छ। भाइ **टुप्लुक्क** आइपुग्यो।

नामयोगी विशेषतः नाम, सर्वनाम र विशेषणको पछाडि जोडिन्छन्।

**क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ। रीति, परिमाण, आवृत्ति आदि विशेषता र काल, स्थान, हेतु, परिणाम, प्रयोजन, शर्त, स्थिति आदि परिवेश बुझिने शब्द क्रियायोगी हुन्।**



### नामयोगी र क्रियायोगी प्रयोग भएको अनुच्छेद

फुर्वा **हिजो चाँडै** घर फर्किए। फुर्वाका साथीहरू पनि **अकस्मात्** घरमा आए। उनका आमाबुबा**सँग** दिदी पनि खेतमा जानुभएको थियो। उहाँहरू पनि खेतबाट **सरासर** आउनुभयो। घर**भरि** पाहुना देखेर आमा मुसुक्क हाँस्नुभयो। बुबाले घर**पछाडि** रहेको करेसाबारीबाट सुन्तला ल्याउनुभयो। सबै जना **आमनेसामने** बसेर सुन्तला खाए। सुन्तला **साह्रै** रसिला रहेछन्। त्यसपछि फुर्वाले साथीहरूलाई बगैँचातिर डुलाए। घर**मुनि** बारी रहेछ। बारीको **आसपास**मा खेत रहेछ। फुर्वाले भने**अनुसार** उनीहरू **पोहोर** मात्र यहाँ बसाइँ सरी आएका रहेछन्।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

## नामयोगी

- नाम, सर्वनामसँग जाडिएर आएका शब्द नामयोगी हुन् ।
- रामसँग, हरिविना, खोलातिर, दालसहित, पैसाबेगर, बुटवलसम्म (नामसँग जोडिएर आएका)
- तिमीसित, मबाहेक, उनीसमेत, ऊसमान, तिमीमात्र (सर्वनामसँग जोडिएर आएका)
- एउटै डिकोमा लेखिएका शब्दको पछिल्लो शब्दमा मात्र रेखाङ्कन गरेको छ भने रेखाङ्कित शब्द नामयोगी हुन् ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

## क्रियायोगी

- क्रियापदलाई निम्नानुसार प्रश्न गर्दा आउने उत्तर क्रियायोगी हुन् ।
- कहाँ ? : यहाँ, त्यहाँ, वर, पर, तल, माथि, मुनि, अगाडि, पछाडि ....... ।
- कहिले ? : हिजो, आज, भोलि, पर्सि, अघि, पछि, ............... ।
- किन ? : पढ्न, लेख्न, बस्न, रुन, गरेकाले, हाँसेकाले ............. ।
- कति ? : धेरै, थोरै, अलिकति, ज्यादै, सबै ......... ।
- सबै अनुकरणात्मक शब्द क्रियायोगी हुन् (कसरी ? प्रश्नको उत्तरमा आउने) : फटाफट, कपाकप, सरासर, गामगुर्लुम, मुसुमुसु, धुरुधुरु,भुर्र, गुरुर्र, सिर, सिरसिर, गजक्क, धुम्म, थ्याच्च, पिटिक्क, किटिक्क, वाल्ल, टिन्न ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# विभिन्न समयका स्टाफ बैठकका र पाठ अध्ययन समुहका बैठकको निर्णय

बैठक सङ्ख्या ८/२०८२ मिति २०८२/१०/२०

आज मिति २०८२/१०/२० गते मङ्गलवारका दिन यस श्री भगवती मा.वि. मिर्मीढावका प्र.अ. श्री रामप्रसाद पाण्डेको अध्यक्षतामा दिउँसो ४:१० बजे बसेको शिक्षक स्टाफको बैठकले तपसिलका प्रस्ताव माथि छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

प्र.अ. रामप्रसाद पाण्डेय
वरिष्ठ स.अ. मोहनलाल पाण्डेय
स.प्र.अ. परशुराम भट्टराई
स.प्र.अ. हेमबहादुर थापा
शि.प्र. रामप्रसाद पाण्डेय
स.अ. लिलावल्लभ भट्टराई
" प्रवीण भट्टराई
" निरेन्द्र चौधरी
" विजयनारायण भट्टराई
" शिवराम भट्टराई
" हेमन्त पराजुली
" विष्णुमाया भट्टराई पाण्डे
" नारायण प्रसाद देवकोटा
" लिलावल्लभ न्यौपाने
" शान्तादेवी थापा
" वेदप्रसाद पाण्डेय
विद्यालय नर्स. इन्दिरा भट्टराई
स.अ. निर्मला पाण्डेय भट्टराई
का.स. गोविन्द भट्टराई
स.अ. जीता अधिकारी भट्टराई
" प्रतिक्षा भट्टराई
" हरिकला पाण्डेय न्यौपाने
" सुस्मिता थापा
" रीता भट्टराई
का.सहयोगी. उज्जमाया थापा
" पद्मा भट्टराई
सवारी चालक. मित्रकुमार भेट्वाल

क्रमशः

CS Scanned with CamScanner

प्रस्ताव तथा निर्णय:-

प्र.नं.१ नव नियुक्त शिक्षक मित्रको स्वागत तथा परिचय कार्यक्रम सम्बन्धमा।

नि.नं.१ प्रस्तुत विषयमा नि.मा.तह गणित/विज्ञान विषयका लागि सिफारिस भई आउनु भएका मध्यविन्दु १५ नवलपरासी निवासी नव नियुक्त शि. श्री नारायणप्रसाद देवकोटालाई बिहान प्रार्थना सभामा स्वागत सम्मान गर्ने र दिउँसो ४:०० बजेपछि परिचय कार्यक्रम स्टाफबिचमै सम्पन्न गर्ने निर्णय गरियो।

प्र.नं.२. पाठ अध्ययन समूह गठन सम्बन्धमा।

नि.नं.२ प्रस्तुत विषयमा छलफल गर्दा आधारभूत तह (कक्षा ६-८) नेपाली विषय शिक्षकहरूको लागि (१५+१५) दिने प्रमाणीकरण तालिममा सहभागी हुनु भएका यस विद्यालयका शिक्षक श्री हेमन्त पराजुलीको परियोजना कार्य सम्पन्न गर्नका लागि तपसिल बमोजिमको पाठ अध्ययन समूह गठन गर्ने निर्णय गरियो।

संयोजक - श्री हेमन्त पराजुली
सदस्य श्री रामप्रसाद पाण्डेय
" श्री शान्तादेवी थापा
" श्री निर्मला पाण्डेय भट्टराई
" श्री हरिकला पाण्डेय

प्र.नं.३. मिति २०८२।१०।१२ को प्र.अ. मिटिङको जानकारी सम्बन्धमा।

नि.नं.३ प्रस्तुत मितिमा भएको निर्णय र छलफलका विषयहरू प्र.अ.बाट सम्पूर्ण स्टाफलाई जानकारी गराउने काम सम्पन्न गरियो।



CS Scanned with CamScanner

PAGE NO.
DATE / /

मिति- २०८२।१०।२३

यस श्री भगवती माध्यमिक विद्यालयको २०८२।१०।२० गतेको हराउ बैठकबाट गठित पाठ अध्ययन समितिको पहिलो बैठक समिति संयोजक हेमन्त पराजुलीको संयोजकत्वमा बसी तपसिलको निर्णय गरियो।

श्री हेमन्त पराजुली (संयोजक)
श्री रामप्रसाद पाण्डे (सदस्य)
श्री शान्तादेवी थापा (सदस्य)
श्री निर्मला पाण्डे भट्टराई (सदस्य)
श्री हरिकला पाण्डे न्यौपाने (सदस्य)

प्रस्ताव र निर्णय

१. पाठअध्ययन योजना सम्बन्धमा

प्रस्तुत प्रस्तावमा छलफल गर्दा कक्षा ८ को लागि पदवर्ग अन्तरगत नामयोगर क्रियायोगी शिक्षणमा केन्द्रित भई पाठयोजना निर्माण गर्ने जिम्मेवारी संयोजक हेमन्त पराजुलीलाई दिने निर्णय गरियो।

Scanned with CamScanner

PAGE NO.
DATE / /

मिति २०८२।१०।२६

आज मिति २०८२।१०।२६ गते पाठ अध्ययन समितिका संयोजक श्री हेमन्त पराजुलीको संयोजकत्वमा पाठअध्ययन समितिको बैठक बसी तपसिलका निर्णय गरियो।

श्री हेमन्त पराजुली (संयोजक)
श्री रामप्रसाद पाण्डे (सदस्य)
श्री शान्तादेवी थापा (सदस्य)
श्री निर्मला पाण्डे (भट्टराई) (सदस्य)
श्री हरिकला पाण्डे (न्यौपाने) (सदस्य)

प्रस्ताव र निर्णयहरू

१. पाठयोजना सम्बन्धी छलफल सम्बन्धमा

- प्रस्तुत प्रस्तावमा छलफल गर्दा पाठअध्ययनका लागि निर्मित पाठयोजनामा विद्यार्थी केन्द्रित क्रियाकलाप थप गरी, उत्पादनात्मक (अभ्यासात्मक) क्रियाकलाप थप गरी सुधार गर्ने निर्णय गरियो।

२. सुक्ष्म शिक्षण सम्बन्धमा

- प्रस्तुत प्रस्तावमा छलफल गर्दा पाठयोजना परिमार्जन पश्चात् मसान्तको दिन २९ गते बस्ने नियमित बैठकमा सुक्ष्म शिक्षणका लागि हेमन्त पराजुलीलाई जिम्मेवारी दिने निर्णय गरियो।

३. कक्षा अवलोकन सम्बन्धमा

- प्रस्तुत प्रस्तावमा छलफल गर्दा पाठ प्रस्तुतीकरणका क्रममा कक्षा अवलोकन फाराम सहित कक्षा अवलोकनका लागि शिक्षक हरिकला पाण्डे (न्यौपाने) र शान्तादेवी थापालाई जिम्मेवारी दिने निर्णय गरियो

Scanned with CamScanner

PAGE NO.

DATE / /

मिति २०८२।११।०१

आज मिति २०८२।११।०१ गते पाठ अध्ययन समितिको संयोजक श्री हेमन्त पराजुलीको संयोजकत्वमा पाठ अध्ययन समितिको बैठक बसी तपसिलको निर्णय गरियो।

श्री हेमन्त पराजुली (संयोजक)
श्री रामप्रसाद पाण्डे (सदस्य)
श्री शान्तादेवी थापा (सदस्य)
श्री निर्मला पाण्डे (भट्टराई) सदस्य
श्री हरिकला पाण्डे (न्यौपाने) सदस्य

प्रस्ताव र निर्णयहरू

१. पाठयोजना पारित सम्बन्धमा

प्रस्तुत प्रस्तावमा छलफल गर्दा पाठ अध्ययनको लागि आवश्यक सुधार सहित निर्मित पाठयोजना, सुक्ष्म शिक्षण पछि प्राप्त पृष्ठपोषणलाई समेत समावेश गरी पाठअध्ययन शिक्षण योजना सर्वसम्मतले पारित गरियो।

२. पाठअध्ययन सहित कक्षा सञ्चालन सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा योजना अनुरुप २०८२।११।०४ गते कक्षा सञ्चालन र अवलोकन गर्ने निर्णय गरियो।

CS Scanned with CamScanner

PAGE NO.

DATE / /

मिति २०८२।११।०५

आज मिति २०८२।११।०५ गते पाठ अध्ययन समितिको संयोजक श्री हेमन्त पराजुलीको संयोजकत्वमा पाठ अध्ययन समितिको बैठक बसी तपसिलको निर्णय गरियो।

श्री हेमन्त पराजुली (संयोजक)
श्री रामप्रसाद पाण्डे (सदस्य)
श्री शान्तादेवी थापा (सदस्य)
श्री निर्मला पाण्डे भट्टराई (सदस्य)
श्री हरिकला पाण्डे (न्यौपाने) (सदस्य)

प्रस्ताव र निर्णयहरू

१. कक्षा समीक्षा सम्बन्धमा


प्रस्तुत प्रस्तावमा छलफल गर्दा जो सञ्चालित पाठ अध्ययन कक्षा रणनीति सफल भएको निष्कर्ष सहित सम्पूर्ण पक्षलाई धन्यवाद दिने निर्णय गरियो। यसको साथै शिक्षण सिकाइमा सुधार ल्याउन पाठ अध्ययन महत्वपूर्ण हुने निष्कर्ष सहित आगामी दिनमा पनि यस्ता क्रियाकलाप दोहोर्‍याउने निर्णय गरियो।

CS Scanned with CamScanner

## IV कक्षाकोठाको फोटो




कक्षामा प्रस्तुत गरिएको भिडियो सामग्रीको लिङ्कः



# पाठ अवलोकन फाराम

## पाठ अवलोकन फाराम

पाठ प्रर्दशक शिक्षकको नामः हेमन्त पराजुली ..................... कक्षाः ८ विषयः नेपाली

पाठः नेपालको वैदेशिक व्यापार शीर्षक/विषयवस्तुः पदवर्ग (नामयोगी र क्रियायोगी) मितिः २०८२/११/०४

नोटः यहाँ विद्यार्थीहरुको गतिविधिलाई आधार मानेर दिइने अङ्क १=न्यून, २=कमजोर, ३=मध्यम, ४=राम्रो, ५= उत्कृष्ट भन्ने बुझिन्छ ।

| क्र.स | अवलोकनका क्षेत्रहरू | विद्यार्थीको अवस्था/गतिविधि/ क्रियाकलापहरू | अङ्कन |
|---|---|---|---|
| १. | **पूर्व ज्ञान र रुचिः** के विद्यार्थीहरू अघिल्लो दिनको पाठको छलफल गर्दा उत्साहित र सक्रिय भए ? | - अघिल्लो दिनको विषयवस्तु स्पष्ट भएकाले विद्यार्थी उत्साहित हुँदै सक्रिय सहभागि भए । | ४ |
| २. | **सामग्रीको प्रयोगमा सक्रियताः** के सबै विद्यार्थी नामयोगी र क्रियायोगी पहिचानमा सक्रिय भए ? | - शिक्षकले देखाएका शब्दपत्ती र वाक्यपत्तीबाट नामयोगी र क्रियायोगी पहिचानमा सबै सहभागि भए । | ५ |
| ३. | **धारणागत स्पष्टताः** नामयोगी र क्रियायोगी को परिचय सहित प्रयोग भएको अनुच्छेद प्रस्तुतीकरण पश्चात पहिचान गर्न र यी दुईको फरक प्रयोग बुझ्न सके ? | - परिचय सहित उदाहरणको प्रस्तुती नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग स्पष्टसँग बुझे। | ४ |
| ४. | **प्रविधिको प्रयोगः** AI निर्मित भिडियो सामग्री हेरेपछि विद्यार्थीलाई नामयोगी र क्रियायोगीको धारणा निर्माण गर्न कति सहज भयो ? | - नामयोगी र क्रियायोगी सम्बन्धी AI निर्मित भिडियो हेर्दा दङ्ग परे र अधिकांशले बुझे। | ४ |
| ५. | **समूहकार्य र सहकार्यः** समूहमा छलफल गर्दा सबै विद्यार्थी (विशेष गरी कमजोर विद्यार्थी) सहभागी भए कि भएनन् ? | - जान्ने विद्यार्थीले कमजोर विद्यार्थीलाई पहिचान र प्रयोगमा सहयोग गरे । | ५ |
| ६. | **समस्या र अलमलः** कुन चरणमा विद्यार्थीहरू सबै भन्दा बढी अलमलमा परे ? (जस्तैः पहिचान वा प्रयोगमा ) | - नामयोगी र क्रियायोगीको प्रयोगमा भन्दा पहिचानमा अलमल परेको देखियो । | ३ |
| ७. | **समय व्यवस्थापनः** निर्धारित समयभित्र पहिचान, प्रयोग गर्ने कार्य, अभ्यास कार्य सम्पन्न भयो कि भएन ? | - पहिचान र प्रयोगमा बढी समय गयो। अभ्यासमा कम समय पाएँ। | ३ |
| ८. | **त्रुटि सुधारः** विद्यार्थी नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग गर्ने कार्यमा झुक्किने समस्या कत्तिको सुधार भयो ? | - नामयोगी र क्रियायोगीको पहिचान र प्रयोग सम्बन्धी कार्यमा अधिकांश सुधार भयो । | ५ |
| ९. | **सिकाइ उपलब्धिः** विद्यार्थीले तोकिएका सबै सिकाइ उपलब्धि हासिल गरे ? | - अधिकांशले पाठयोजनाका सबै उपलब्धी सिके । | ४ |

CS Scanned with CamScanner

अवलोकनकर्ताको विशेष टिपोटः

विद्यार्थीले सबैभन्दा बढी रुचि देखाएको क्षणः AI निर्मित विषयवस्तु सम्बद्ध भिडियो हेर्न पाउँदा

विद्यार्थी झुक्किएको वा अलमलिएको ठाँउः : नामयोगी र क्रियायोगीको पहिचान गर्न लगाउँदा ।

शिक्षण विधिको प्रभावकारीता(सबल पक्ष): उदाहरणबाट सिकाइ, प्रविधिको प्रयोग, समूह बाँडेर अभ्यास

सुधारका लागि सुझावहरूः

- विद्यार्थीलाई अभ्यासात्मक क्रियाकलाप कक्षामा गराउने, पहिचान र प्रयोगका अभ्यासमा जोड दिँदै उत्पादन गराउने विद्यार्थीलाई पनि प्रस्तुतीकरणको अवसर दिने ।

Shree Bhagawati Secondary School, Kaligandaki-7, Mirmee Dhaba, Syangja, Estd.: 2017

पाठ अवलोकनकर्ता शिक्षकको नामः हरिकला पाण्डेय हस्ताक्षरः [signature]

Scanned with CamScanner

# शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# सिकाईमा नव प्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधि ICT को उपयोग

## शीर्षकमा तयार पारिएको एक

## प्रतिवेदन

## परियोजना कार्य-५


तयार गर्ने

नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः [info@hemantaparajuli.com.np](mailto:info@hemantaparajuli.com.np)

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

परियोजना कार्य ५

# सिकाईमा नव प्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधि ICT को उपयोग

विषयः नेपाली पाठः भाषिक संरचना( क्रियाको भाव र अर्थ)

कक्षाः ८ समयः ४५ मिनेट

## १. पृष्ठभूमि

२१ औं शाताब्दीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षण सिकाईलाई प्रभावकारी, फलदायी, उद्देश्यपूर्ण, गुणस्तरीय एवम् रमाइलो बनाएको छ । विशेष गरी कक्षाकोठामा विद्यार्थीहरूलाई सिकाइमा केन्द्रित गरेर सिकाउन, कक्षाकोठाका हरेक क्रियाकलाप उपलब्धिपूर्ण बनाउन ICT अत्यन्तै महत्त्वपूर्ण छ । ICT ले सिकाइलाई अन्तरक्रियात्मक जीवन्त र विद्यार्थीमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । विशेष गरी सिकाइ उपलब्धि बढाउन र सिकारू केन्द्रित शिक्षण गर्न यसको भूमिका अझ बढी देखिन्छ ।

नेपाली भाषा शिक्षणमा भाषिक संरचना वर्णविन्यास शिक्षणमा विद्यार्थीहरूलाई धारणा विकास गर्न, कक्षा प्रभावकारी बनाउन निकै जटिल हुन्छ । परम्परागत विधिको मात्र उपयोग गर्दा विद्यार्थीले भाषिक संरचनाको प्रयोग र अभ्यासमा कठिनाई अनुभव गर्छन् तर ICT को माध्यमबाट श्रव्य दृश्य सामग्री, भिडियो प्रस्तुति र अन्तक्रियात्मक अभ्यास गराउँदा सिकाइ सहज र प्रभावकारी हुन्छ । कक्षा ८ मा नेपाली भाषा शिक्षणका क्रममा क्रियाको भाव र अर्थ शिक्षण गर्दा पावर पोइन्ट, तालिममा सिकेको AI tool को उपयोग गरी Notebooklm निर्मित भिडियो प्रस्तुति जस्ता ICT मा आधारित क्रियाकलाप गरियो । ICT को पहुँच र यसको प्रयोगलाई विस्तार गर्न यस्ता परियोजना कार्य र शिक्षक तालिम आवश्यक देखियो । यसले शिक्षकलाई पनि प्रविधिमा दक्षता हासिल गर्ने अवसर प्रदान गऱ्यो र भविष्यमा यस्ता नवप्रर्वतनात्मक शिक्षण विधि अपनाउन प्रेरित गऱ्यो ।

## २. उद्देश्य

यस परियोजना कार्यको मूख्य उद्देश्य यसप्रकारका छन् ।

- पेसागत विकास तालिमको विद्यालय केन्द्रित परियोजना कार्य पूरा गर्नु
- विद्यार्थीलाई भाषिक संरचना व्याकरण सहजै सिकाउनु
- क्रियाको भाव र अर्थ सिकाउन उपयुक्त डिजिटल सामग्री सङ्कलन निर्माण र प्रयोग गर्नु,
- ICT को माध्यमबाट नवप्रवर्तनात्मक शिक्षण विधि अपनाउनु
- क्रियाको भाव र अर्थ अनुसार वाक्यान्तरण गर्दा दृश्य सामग्री देखाएर स्पष्टता ल्याउनु
- विद्यार्थीहरूको सक्रिय सहभागिता र अन्तरक्रियात्मक वातावरण सिर्जना गर्नु
- व्याकरण सिकाइ सहजीकरण मार्फत विद्यार्थीको ध्यान केन्द्रित गराई नेपाली भाषिक संरचना व्याकरणप्रति रुचि अभिवृद्धि गर्नु

## ३. सामग्री निर्माण

यो परियोजना प्रभावकारी बनाउन निम्न सामग्रीहरू निर्माण गरिएको छ ।

### (क) डिजिटल सामग्री निर्माण

Power Point Slide: क्रियाको भाव र अर्थ स्पष्ट पार्न सामान्य उदाहरण, परिचय, नमुना र संरचना समावेश गरी १३ वटा स्लाइड निर्माण गरियो । जसमा विद्यार्थीले स्पष्ट देख्न सक्ने रङ्गीन फन्ट र एनिमेशन गरी फरक फरक तरिकाले प्रस्तुतीकरण गर्ने गरी आकर्षक बनाइयो ।

### (ख)डिजिटल सामग्रीको खोजी र सङ्कलन

विभिन्न वेवसाइट र युट्युबबाट क्रियाको भाव र अर्थ सम्बन्धी विभिन्न सामग्री खोजी गरियो । Durga Tripathi, Mero Rautahat, PLR Education युट्युव च्यानलका भिडियो सामग्री प्रयोग गर्ने गरी तयार गरियो । Google को AI Tool Notebooklm उपयोग गरी विभिन्न प्रकारका भिडियो सामग्री तयार पारियो । www.hemantaparajuli.com.np मा भएका व्याकरण शिक्षण सम्बन्धी सामग्री पनि प्रस्तुतीकरणका लागि तयार गरियो ।

## ४. मुख्य क्रियाकलाप

पूर्व ज्ञान वा ध्यानकेन्द्रित चरण: कक्षा सुरू गर्नु अघि भाषिक संरचना अन्तरगत आजको विषयवस्तुसँग सम्बन्धित भिडियो विभिन्न प्रश्नोत्तर गरियो ।

भिडियो प्रस्तुतीकरण: युट्युबबाट क्रियाको भाव र अर्थ शिक्षण गरिएको सामग्री कक्षाकोठामा स्मार्ट बोर्डमा देखाइयो । भिडियोलाई विभिन्न ठाउँमा पज गरेर विद्यार्थीलाई मुख्य मुख्य कुरामा, संरचना पहिचान जस्ता कुरामा ध्यान दिन लगाइयो ।

पावर पोइन्ट स्लाइड प्रस्तुतीकरण: पावरपोइन्टमा तयार परिएको स्लाइड देखाउँदै क्रियाको भाव र अर्थ, यसको प्रकार, प्रयोग अभ्यास र संरचना प्रस्तुत गरियो । बिचबिचमा विभिन्न प्रश्न गरेर अभ्यास गराइयो । स्लाइडको माध्यमबाट संरचनाको प्रस्तुतीकरण गरी अभ्यास र उत्पादनमा जोड दिइयो । बिच बिचमा Maatri Nepal नामक LMS बाट खेलविधि प्रयोग गरी अभ्यास पनि गराइयो ।

## ५. प्राप्ति

यस परियोजना कार्यले निम्नलिखित उपलब्धिहरू हासिल गरियो ।

- ❖ विद्यार्थीले क्रियाको भाव र अर्थ अनुसार अर्थका प्रकार र संरचना पहिचान गर्ने क्षमताको विकास गरे ।
- ❖ ICT को प्रयोगले विद्यार्थीहरूको ध्यान, उत्साह र रुचि उल्लेखनीय रूपमा बढ्यो ।
- ❖ भिडियो विद्यार्थीमा नयाँ कुरा खोज्ने, अभ्यास गर्ने र नयाँ नयाँ वाक्य निर्माण गर्ने कुरामा सहजता देखियो ।
- ❖ विद्यार्थीहरूको सिकाइमा सक्रिय सहभागिता भयो ।
- ❖ सिकाइ रुचिकर र प्रभावकारी भयो ।

- ❖ कक्षाकोठामा सिकारु केन्द्रित क्रियाकलाप सञ्चालन हुँदा कक्षाकोठा प्रभावकारी र उपलब्धिमूलक भयो ।
- ❖ विद्यार्थी सिकाइप्रति केन्द्रित भएको, उत्सुक भएको पाइयो ।
- ❖ ICT मा आधारित अभ्यासले सिकाइ अन्तरक्रियात्मक र सिकाइ मैत्री बनाइयो ।

## ६. प्रतिबिम्बन

यस पाठ शिक्षणपछि आइसिटीको प्रयोगले शिक्षक र विद्यार्थी दुवैलाई सकारात्मक अनुभव प्रदान गऱ्यो । विद्यार्थीहरूले डिजिटल सामग्रीप्रति देखाएको उत्साह र सक्रिय सहभागिताले थप नवप्रवर्तनात्मक शिक्षण विधि अपनाउन प्रेरित गऱ्यो । आइसिटीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलाप गतिशिल, सिकाइमैत्री र अन्तरक्रियात्मक बनायो । विद्यार्थीहरू कक्षाकोठामा सक्रिय सहभागी भएर सिक्ने मौका पाए । जसले परम्परागत विधिको तुलनामा सिकाइ बढी प्रभावकारी भयो ।

## ७. निष्कर्ष

कक्षाकोठामा नेपाली भाषा शिक्षण गर्दा ICT को प्रयोग अत्यन्तै प्रभावकारी हुन्छ । आइसिटीको प्रयोगले दृश्य, श्रव्य सामग्री देखाएर जटिल समस्या भएका पाठको शिक्षण क्रियाकलाप गर्दा सिकाइलाई सहज र सरल बनाउनुको साथै बुझाइमा गहिराई सम्म पुऱ्याई सिकाइ दीगो बनाउने कार्य गर्दछ । प्रविधि केवल सजावटका लागि मात्र नभई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाई गुणस्तर वृद्धिका लागि अनिवार्य उपकरण हो । यसको प्रयोगले पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि हासिल गराउन सहज हुन्छ भन्ने आत्मविश्वास दिलाएको छ ।

| ........... | ....................... | .............................. | ................... |
|---|---|---|---|
| मिति | शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

## परियोजना कार्य-५

## “सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधि ICT को उपयोग”प्रतिवेदन

यस शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनुपर्ने परियोजना कार्य-५ अन्तरगत **“सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधि ICT को उपयोग”** शीर्षक लाई आधार मानेर एक परियोजना कार्य गरियो । यस कार्य सम्पन्न गरी सके पछि मेरो मनमा लागेका अनुभूति, तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरेको छु ।

### १. अनुभूति

ICT प्रयोग गरेर व्याकरणको प्रयोग र संरचना सिकाउँदा कक्षा एकदमै रमाइलो र अन्तरक्रियात्मक भयो , पावरपोइन्ट स्लाइड, भिडियो लगायतका सामग्री प्रयोग गर्दा विद्यार्थी सक्रिय, उत्साहित र सक्रिय बने । पावरपोइन्टमा देखाए जस्तै अभ्यास गर्नुका साथै सोही संरचनाका प्रशस्तै वाक्य बनाउन सफल भए । ICT को प्रयोगले शिक्षणलाई जीवन्त, बालमैत्री र स्मरणीय बनाएको अनुभव भयो । कक्षाकोठामा नियमित कक्षाको भन्दा विद्यार्थीको सक्रियता धेरै रहेको र सिकाइ सहजीकरणमा सहजता आउनुका साथै सिकाइ उपलब्धि हासिलमा सहजता भयो । परम्परागत शिक्षण भन्दा सूचना प्रविधिको उपयोगले कक्षाकोठाको सिकाइ सहजीकरणमा प्रभावकारिता बढेको अनुभव भयो ।

### २. तथ्य

- ❖ विद्यार्थीमा क्रियाको भाव र अर्थबाट सोधिने प्रश्नको उत्तर दिन सक्ने क्षमताको विकास भयो ।
- ❖ स्मार्ट बोर्डका माध्यमबाट पावरपोइन्ट स्लाइड, भिडियो सामग्री प्रयोग गरी शिक्षण गरियो ।
- ❖ विभिन्न उदाहरण सहित नमुना प्रश्न राखेर छलफल अभ्यास गराइयो ।
- ❖ विद्यार्थीहरूको ध्यान, उत्साह, रूचि उल्लेखनीय रुपमा बढ्यो ।
- ❖ सिकाइ सहजीकरण क्रियाकलापमा विद्यार्थीहरूको सक्रिय सहभागिता रह्यो ।
- ❖ ICT को प्रयोगले सिकाइलाई अन्तरक्रियात्मक र दीर्घकालीन स्मरणीय बनायो ।

### ३. प्रतिक्रिया


ICT प्रयोग गरिएको यो परियोजना कार्य अत्यन्तै सफल रह्यो । विद्यार्थीहरूलाई जटिल लाग्ने भाषिक संरचना व्याकरणलाई पनि सजिलै बुझ्न सके । शिक्षकका लागि पनि यो नयाँ अनुभव भयो जसले भवुष्यमा थप प्रविधिमा आधारित विधि अपनाउन प्रेरणा दियो । पावरपोइन्ट, भिडियो जस्ता डिजिटल प्रयोग हुने सामग्रीले सिकाइलाई उद्देश्यपूर्ण, रमाइलो र प्रभावकारी बनाए । अभिभावक, सहकर्मी शिक्षक र विद्यार्थी सबैको दृष्टिमा यो ICT मा आधारित शिक्षण नवप्रवर्तनात्मक र उपयोगी सावित भयो ।

# अनुसूची ३

क्रियाको भाव र अर्थ सिकाउन बनाइएको स्लाइड

# भाषिक संरचना
# क्रियाको भाव वा अर्थ

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा




हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# सामान्य उदाहरण

| | | |
|---|---|---|
| १. गोपाल घर जान्छ। | (सामान्यार्थ) | निश्चित अर्थ |
| २. गोपाल घर जाला। | (सम्भानार्थ) | अनिश्चित अर्थ |
| ३. गोपाल घर जाओस्। | (इच्छार्थ) | चाहना |
| ४. तँ घर जा। | (आज्ञार्थ) | आदेश |
| ५. उज्यालो भएमा गोपाल घर जान्छ। | (सङ्केतार्थ) | कारण–कार्य |



**माथिका वाक्यमा**

सुरुको 'जान्छ' क्रियाले घर जाने कुराको सामान्य अर्थ बुझाएको छ।

दोस्रो 'जाला' क्रियाले घर जाने कुरालाई अनिश्चित बनाएकाले सम्भावनार्थ बुझाएको छ।

तेस्रो 'जाओस्' क्रियाले गइदिए हुन्थ्यो भन्ने चाहना व्यक्त गरेकाले इच्छार्थ बुझाएको छ।

चौथौ 'जा' क्रियाले जान आदेश दिएकाले आज्ञार्थ बुझाएको छ।

पाचौँ वाक्यमा 'भएमा' ले कारण र 'जान्छ' ले कार्य जनाएकाले सङ्केतार्थ बुझाएको छ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

## १. सामान्यार्थ

**सामान्य मनोभाव वा सूचना दिने क्रियालाई सामान्यार्थक भनिन्छ।**

- सबै काल र पक्षका वाक्यहरू सामान्यार्थक हुन्छन्। जस्तैः–

| | |
|---|---|
| क) राम घर जान्छ। | (सामान्य वर्तमान काल) |
| ख) राम घर जाँदै छ। | (अपूर्ण वर्तमान काल) |
| ग) राम घर गएको छ। | (पूर्ण वर्तमान काल) |
| घ) राम घर गयो। | (सामान्य भूत काल) |
| ङ) राम घर जाँदै थियो। | (अपूर्ण भूत काल) |



## १. सामान्यार्थ

**सामान्य मनोभाव वा सूचना दिने क्रियालाई सामान्यार्थक भनिन्छ।**

- सबै काल र पक्षका वाक्यहरू सामान्यार्थक हुन्छन्। जस्तैः–

| | |
|---|---|
| च) राम घर गएको थियो। | (पूर्ण भूत काल) |
| छ) राम घर गएछ। | (अज्ञात भूत काल) |
| ज) राम घर जान्थ्यो। | (अभ्यस्त भूत काल) |
| झ) राम घर जानेछ। | (सामान्य भविष्यत काल) |
| ञ) राम घर जाँदै हुनेछ। | (अपूर्ण भविष्यत काल) |
| ट) राम घर गएको हुनेछ। | (पूर्ण भविष्यत काल) |

# २. आज्ञार्थक

## वक्ताले श्रोतालाई दिने आदेशलाई आज्ञार्थक भनिन्छ।

- काल र पक्षको भेद हुँदैन।
- द्वितीय पुरुषीय कर्ता र क्रियाको मात्र प्रयोग हुन्छ।

| कर्ता | क्रिया | क्रियापद |
|---|---|---|
| तँ | धातु +0 | – जा, पढ्, लेख्, हिँड्, सुन्, खा आदि |
| तिमी | धातु +ऊ/अ | – जाऊ, पढ, लेख, हिँड, सुन, खाऊ। |
| तिमीहरू | धातु +ओ/अ | – जाओ, पढ, लेख, हिँड, सुन, खाओ। |
| तपाईं/तपाईंहरू | धातु + नुहोस् | – जानुहोस्, पढ्नुहोस्, हिँड्नुहोस्, खानुहोस्। |

उदाहरण

१. तँ कविता पढ्।  २. तिमी गीत गाऊ।  ३. तपाईं सामान ल्याउनुहोस्।



# ३. इच्छार्थक

- इच्छा आशीर्वाद, श्राप, उपदेश,प्रार्थना, अनुमति, आदि मनोभाव बुझाउने क्रिया नै इच्छार्थ हो।
- यसमा काल र पक्षको भेद हुँदैन,
- तीन ओटै पुरुषीय कर्ता र क्रियाको प्रयोग हुन्छ।

| कर्ता | क्रिया |
|---|---|
| म | धातु +ऊँ – पढूँ, लेखूँ, हेरूँ, बसूँ, जाऊँ। |
| हामी | धातु +औँ – पढौँ, लेखौँ, हेरौँ, बसौँ, जाऔँ। |
| तँ | धातु +एस् – पढेस्, लेखेस्, हेरेस्, बसेस्, गएस्। |
| तिमी/तिमीहरू | धातु +ए – पढे, लेखे, हेरे, बसे, गए। |
| तपाईं/तपाईंहरू | धातु +नुहोओस् – पढ्नुहोओस्, लेख्नुहोओस्, जानुहोओस्। |
| ऊ | धातु +ओस् – पढोस्, लेखोस्, हेरोस्, बसोस्, जाओस्। |
| उनी/उनीहरू | धातु +ऊन् – पढून्, लेखून्, हेरून्, बसून्, जाऊन्। |

# ४. सम्भावनार्थक

• पछि हुने कामको अनुमानलाई सम्भावनार्थक भनिन्छ।

| कर्ता | क्रिया | |
|---|---|---|
| म | धातु +उँला/उँली | – पढुँला/पढुँली, लेखुँला/लेखुँली, हेरुँला/हेरुँली। |
| हामी | धातु +औँला | – पढौँला, लेखौँला, हेरौँला, बसौँला, जाऔँला। |
| तँ | धातु +लास्/लिस् | – पढ्लास्/पढ्लिस्, लेख्लास्/लेख्लिस्। |
| तिमी | धातु +औला/औली | – पढौला/पढौली, लेखौला/लेखौली। |
| तिमीहरू | धातु +औला | – पढौला, लेखौला, हेरौला, बसौला। |
| तपाईं/तपाईंहरू | धातु +नुहोला | – पढ्नुहोला, लेख्नुहोला, जानुहोला । |
| ऊ | धातु +ला/ली | – पढ्ला/पढ्ली, लेख्ला/लेख्ली, हेर्ला/हेर्ली। |
| उनी | धातु +लान्/लिन् | – पढ्लान्/पढ्लिन्,लेख्लान्/लेख्लिन्। |
| उनीहरू | धातु +लान् | – पढ्लान्, लेख्लान्, भन्लान्, हेर्लान्। |
| उहाँ/उहाँहरू | धातु +नुहोला | – पढ्नुहोला, लेख्नुहोला, जानुहोला । |

सामान्य पक्षका धातु बाहेक अन्य पक्षमा क्रियापदको अन्त्यमा 'होला' थपेर सम्भावनार्थ बनाउने गरिन्छ।



# ५. सङ्केतार्थ

दुई क्रियाहरू कारण र कार्यका रुपमा आई साङ्केतिक भाव बुझाएमा त्यसलाई सङ्केतार्थ भनिन्छ। सङ्केतार्थ हुन दुईओटा क्रिया हुनै पर्दछ। एउटा क्रियाले कारण बुझाउँछ भने अर्को क्रियाले कार्य बुझाउँछ।

➢सङ्केतार्थ बनाउँदा कारण बुझाउने क्रियामा ए / एमा / यो भने जस्ता रूपहरू हुन्छन्। जस्तैः–

➢उदाहरण:

क) हिउँ परे जाडो हुन्छ। ख) हिउँ परेमा जाडो हुन्छ। ग) हिंउ पर्यो भने जाडो हुन्छ।

यहाँ 'हिउँ पर्नु' कारण हो भने 'जाडो हुनु' कार्य हो।

एउटामात्र क्रियापद भएको वाक्यलाई सङ्केतार्थक बनाउनु पर्यो भने मुल धातुपछि 'ए हुन्थ्यो' वा 'ए हुन्छ' जोड्नुपर्छ। जस्तै–

➢भाइ आज आउँछ। – भाइ आज आए राम्रो हुन्छ।

➢उनीहरू ज्ञानी छन्। – उनीहरू ज्ञानी भए हुन्थ्यो।

| सामान्यार्थ | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ | सङ्केतार्थ |
|---|---|---|---|---|
| म रोएँ। | – | म रोऊँ। | म रोउँला। | म रोए हुन्थ्यो। |
| हामी हिँड्छौँ। | – | हामी हिँडौँ। | हामी हिँडौँला। | हामी हिँडे हुन्छ। |
| तँ खान्छस्। | तँ खा। | तैँले खाएस्। | तँ खालास्। | तँ खाने भए खा। |
| तिमी हेर्छौ। | तिमी हेर। | तिमीले हेरे। | तिमी हेरौला। | तिमीले हेर्दा हुन्छ। |
| तपाईं जानुहुन्छ। | तपाईं जानुहोस्। | तपाईं जानुहोओस्। | तपाईं जानुहोला। | तपाईं जानुभए हुन्छ। |
| ऊ लेख्थ्यो। | – | ऊ लेखोस्। | ऊ लेख्थ्यो होला। | उसले लेखे हुन्थ्यो |
| उनी बोल्छन्। | – | उनी बोलून्। | उनी बोल्लान्। | उनी बोले हुन्थ्यो। |
| तिनीहरू हाँसे। | – | तिनीहरू हाँसून्। | तिनीहरू हाँस्लान्। | तिनीहरू हाँसेको भए हुन्थ्यो। |
| रमेश दिन्छ। | – | रमेशले देओस्। | रमेशले देला। | रमेशले दिए हुन्छ |



**प्रश्न नं ७ मा सोधिने प्रश्न सोधिने चार प्रश्न मध्ये दुई प्रश्न १ अङ्कभारमा आउने (अभ्यासका लागि)**

**कोष्ककमा दिइएको सङ्केतका आधारमा तलका वाक्यको खाली ठाँउ भर्नुहोस्।**

१. पेले ठूला खेलाडी.........। (हु: सामान्यार्थ)
२. जहाँ मन लाग्छ त्यहीँ ........। (बस्, इच्छार्थ )
३. विमल घर ........................। (जा, सम्भावनार्थ)
४. तिमी कति कक्षामा ..............।(पढ्, सामान्यार्थ)
५. राजेन्द्रले नेपालीमा राम्रो अङ्क .........।(पाउ, इच्छार्थ)
६. हेमाले मिठो गीत..........। (गाउ, सङ्केतार्थ)
७. नेपालीको प्रगति...........। (हु, इच्छार्थ)
८. सरिता गृहकार्य............। (गर्, सामान्यार्थ)
९. तिनीहरू भात .............। (खा, इच्छार्थ)
१०. महेश अब................। (नाच्, सम्भावनार्थ)
११. तपाईं भोलि.............। (घुम्, सम्भावनार्थ)

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

**प्रश्न नं ७ मा सोधिने प्रश्न सोधिने चार प्रश्न मध्ये दुई प्रश्न १ अङ्कभारमा आउने (अभ्यासका लागि)**

**१२. तिनीहरू जोमसोम घुम्न.....................।(जा,इच्छार्थ)**

**१३. तपाईँ खाजा .................। (खा, आज्ञार्थ)**

**१४. प्रदीप चस्मा......... । (लगाउ, साम्भावनार्थ)**

**१५. तँ घर ................। (जा, आज्ञार्थ)**

**१६. शिवराज सधैं टिभी...........।(हेर्, सामान्यार्थ)**

**१७. तिमी बजार ..............। (जा, आज्ञार्थ)**

**१८. हामी देश निर्माणमा...........।(लाग्, इच्छार्थ)**

**१९. रोजिना मलाई............। (जिस्क्याउ, सामान्यार्थ)**

**२०. तँ राम्री ...................। (बन् आज्ञार्थ)**

शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# नेपाली विषय शिक्षणमा पूरक सामग्रीको उपयोग

शीर्षकमा तयार पारिएको एक

प्रतिवेदन

परियोजना कार्य-६

तयार गर्ने


नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः info@hemantaparajuli.com.np

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३,खिदिम अर्घाखाँची

## नेपाली विषय शिक्षणमा पूरक सामग्रीको उपयोग सम्बन्धी प्रतिवेदन

**शीर्षक :नेपाली विषय शिक्षणमा पूरक सामग्रीको उपयोग (कक्षा ८ को "साकार सपना" शिक्षणका सन्दर्भमा)**

**१. परिचय :**

आजको प्रविधिमैत्री युगमा विद्यार्थीहरू मोबाइल, इन्टरनेट, टेलिभिजन, युट्युव, सामाजिक सञ्जालजस्ता माध्यमप्रति अत्यन्त आकर्षित छन् ।उनीहरू दिव्य र श्रव्य सामग्रीबाट छिटो सिक्छन् । परम्परागत शिक्षक केन्द्रित शिक्षण विधिले मात्र विद्यार्थीको ध्यान आकर्षित गर्न कठिन भएकाले शिक्षकले समयानुकूल शिक्षण विधि र पुरक सामग्री प्रयोग गर्न आवश्यक भएको छ आजको समयमा विद्यार्थीहरूलाई कथा शिक्षण गर्दा सकेसम्म नवीन प्रविधि अपनाएर शिक्षण गर्ने हो भने शिक्षकलाई सहज त हुन्छ नै सिकाइ पनि उपलब्धिमूलक हुन जान्छ । तसर्थ एउटा कुशल नेपाली भाषा शिक्षकले आफूले सिकाइ सहजीकरण गर्ने क्रममा जतिसक्दो धेरै पूरक सामग्री प्रयोगमा ल्यायो त्यतिनै सिकाइ सहजीकरण बलियो बन्दै जान्छ।

नेपाली भाषा विषयको कुनै पनि पाठ्यवस्तु सहजीकरण गर्ने क्रममा प्रयोगमा आउन सक्ने सम्भावना भएका आधार सामग्री बाहेकका सबै सामग्रीलाई नेपाली भाषा शिक्षणमा प्रयोग हुनसक्ने पूरक सामग्री मान्न सकिन्छ । पूरक पाठ्यपुस्तक , शिक्षक निर्देशिका, अभ्यास पुस्तिका र अन्य सामग्रीलाई पूरक सामग्री मान्न सकिन्छ । अन्य सामग्री अन्तर्गत पनि निम्न सामग्री पर्दछन् ।

- श्रव्य सामग्री
- दृश्य सामग्री
- पाठ्य सामग्री
- स्पर्श सामग्री
- श्रव्यदृश्य सामग्री आदि

शिक्षण—सिकाइ प्रक्रियामा पाठ्यपुस्तक मुख्य आधार भए तापनि त्यसलाई प्रभावकारी, जीवन्त र अर्थपूर्ण बनाउन पूरक सामग्रीको उपयोग अपरिहार्य मानिन्छ। विशेषगरी साहित्यिक विधाअन्तर्गत पर्ने कथा शिक्षणमा कथानक, भाव, चरित्रचित्रण, संवाद र परिवेशको स्पष्ट बोध गराउन पूरक सामग्रीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। कक्षा ८ को नेपाली विषयअन्तर्गत गणेश भट्टराईद्वारा लिखित साकार सपना कथा शिक्षण गर्दा उपयुक्त पूरक सामग्री प्रयोग गर्न सकेमा विद्यार्थीको बुझाइ, अभिरुचि र सहभागितामा उल्लेखनीय सुधार आउने देखिन्छ।

यस प्रतिवेदनमा उक्त पाठ शिक्षणमा प्रयोग भएका पूरक सामग्रीको अवस्था, प्रभाव र सुधारका पक्षहरूको विश्लेषण गरिएको छ।

## २. प्रतिवेदनको उद्देश्य

यस प्रतिवेदनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्

- तालिमको आवश्यकता परिपूर्ति गर्नु
- नेपाली विषय शिक्षणमा पूरक सामग्रीको आवश्यकता र महत्व स्पष्ट गर्नु
- कक्षा ८ को साकार सपना कथा शिक्षणमा प्रयोग भएका पूरक सामग्रीको अवस्था अवलोकन गर्नु
- पूरक सामग्री प्रयोगले शिक्षण—सिकाइमा पारेको प्रभाव विश्लेषण गर्नु
- विभिन्न किसिमका पूरक सामग्री खोजी गर्ने, निर्माण गर्ने र प्रयोग गर्ने बानी विकास गर्नु
- कथा शिक्षणमा देखिएका चुनौती र सुधारका उपाय प्रस्तुत गर्नु

## ३. अध्ययन विधि

यो प्रतिवेदन तयार गर्ने क्रममा आवश्यकता अनुसार समूह कार्य, खोज अनुसन्धान,पुस्तकालय तथा प्रयोगशाला विधिलाई प्रयोगमा ल्याइएको छ। कक्षा ८ को साकार सपना कथा शिक्षणकै क्रममा गरिएका कक्षा अवलोकन, शिक्षण अनुभव, विद्यार्थी सहभागिता तथा उपलब्ध शैक्षिक सामग्रीको अध्ययनमा आधारित गुणात्मक विधिबाट यो प्रतिवेदन तयार गरिएको हो।

## ४. साकार सपना शिक्षणमा प्रयोग भएका पूरक सामग्रीको सङ्क्षिप्त विश्लेषण :

सर्वप्रथम १५ दिने आमने सामने तालिमबाट विद्यालयमा फर्किसकेपछि विद्यालयमा गर्नुपर्ने परियोजना कार्य अन्तर्गत विभिन्न कार्य अगाडि बढाउँदै गर्दा कक्षा ८ को साकार सपना शीर्षकको कथा शिक्षण गर्ने क्रममा विभिन्न शिक्षण सामग्रीहरु तयार पारियो। यस क्रममा तयार पारिएका मुख्यमुख्य सामग्रीहरूको सूची यसप्रकार छ।

- ❖ कथाको कथावस्तु झल्किने चित्र
- ❖ कथाको युट्युवबाट खोजिएको भिडियो/श्रव्य - दृश्य सामग्री
- ❖ पात्र परिचय चार्ट
- ❖ सिकाइ चौतारी, PLR Education, Mero Rautahat जस्ता युट्युब च्यानलका भिडियो सामग्री

- ❖ मातृ नेपाल सिकाइ पोर्टलमा रहेको कथाको संक्षेपीकृत भिडियो
- ❖ AI tool Notebooklm प्रयोग गरी बनाइएको पोडकास्ट भिडियो
- ❖ www.hemantaparajuli.com.np मा समावेश भएको कथासार
- ❖ शब्दार्थ र भावबोध स्पष्ट गर्ने शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती आदि

कक्षा शिक्षणको निम्ति शिक्षकले तयार पारेको शैक्षणिक योजनामा आधारित रहेर सर्वप्रथम त कथा शिक्षणको भूमिकागत कार्यहरू गरियो। विद्यार्थीहरूलाई कथाको कथावस्तु झल्कने चित्र प्रस्तुत गरी केही क्षण मस्तिष्क मन्थन गर्न लगाइयो। सिकारु स्वयंलाई खोज्न लगाई कथा भित्रका कठिन शब्दहरू पहिचान गर्न समय दिइयो। सिकारुले पहिचान गरेका शब्दहरुलाई शिक्षकले पार्टीमा टिप्दै छलफल समस्या समाधान जस्ता विधिहरूको प्रयोग गरी शुद्धोच्चारण तथा शब्दार्थ शिक्षण गरियो । त्यसपछि विद्यार्थीहरूलाई दोस्रो दिन विद्यालयको स्मार्ट बोर्ड भएको प्राविधिक प्रयोगशालामा लागि मातृ नेपालको सिकाइ पोर्टलबाट साकार सपना कथाको भिडियो प्रदर्शन गर्ने काम गरियो। साथसाथै भिडियो प्रदर्शन गर्ने क्रममा AI tool Notebooklm निर्मित पोडकास्ट भिडियो देखाउँदै कथाको विषयवस्तु थप स्पष्ट पार्ने काम गरियो। www.hemantaparajuli.com.np बाट **साकार सपना** कथाको सार प्रस्तुत गरी कथा शिक्षण गरियो । अर्को दिन सिकारुहरूलाई समूहगत रूपमा कथाको साराशं, पात्रगत परिचय प्रस्तुत गर्न लगाइयो। आवश्यकता अनुसार शिक्षकले बेलाबेलामा पृष्ठपोषण दिने कार्य पनि गरियो । यसले सिकारुको रुचि बढाइ कथाको कथावस्तु मात्र होइन यसको मूल उद्देश्य पनि सिकारुलाई सिकाउन सजिलो भयो ।

यी सामग्रीको प्रयोगले विद्यार्थीलाई कथावस्तु, पात्रको मनोविज्ञान, नेपाल एकीकरणको मूल विषय, इतिहासको कालखण्डमा विभिन्न व्यक्तिको योगदान र सामाजिक सन्देश बुझ्न सहज भएको देखियो।

## ५.पूरक सामग्री प्रयोगको प्रभाव

प्रस्तुत पूरक सामग्रीको प्रयोग गरी साकार सपना कथा शिक्षण गर्दा विभिन्न पक्षमा प्रभाव परेको देखियो ।

### ५.१ विद्यार्थीमा परेको प्रभाव

- कथाप्रति रुचि र जिज्ञासा वृद्धि
- पात्र र कथावस्तुको गहिरो बोध
- कथनात्मक अभिव्यक्ति क्षमताको विकास
- सिकाइमा आत्मविश्वासको विकास

- सिकाइमा सक्रिय सहभागिता र सहकार्यात्मक व्यवहार

**५.२ शिक्षकमा परेको प्रभाव**

- शिक्षण प्रक्रिया सहज, रोचक र प्रभावकारी बनाउन सहयोग
- कथा शिक्षणमा विविध विधि प्रयोग गर्ने अवसर
- विद्यार्थीकेन्द्रित शिक्षणतर्फ अभिमुखीकरण
- नवीन पद्धति, प्रविधि र विधि प्रयोग कौशल विकास

**६. देखिएका समस्या तथा चुनौतीहरू**

प्रस्तुत पाठ शिक्षण गर्ने क्रममा विभिन्न पूरक सामग्री प्रयोग गरेर सिकाइ सहजीकरण गर्दा विभिन्न समस्या र चुनौतीहरू देखा परे । साङ्केतिक रूपमा केही चुनौतीहरूको प्रस्तुति यसप्रकार छ ।

- समय, स्रोत र साधनका दृष्टिले बढी खर्चिलो
- पर्याप्त र गुणस्तरीय पूरक सामग्रीको अभाव
- समय व्यवस्थापनमा केही कठिनाइ
- प्रविधिमैत्री सामग्री प्रयोगमा सीमित दक्षता
- सबै विद्यार्थीको समान सहभागिता सुनिश्चित गर्न कठिन

उल्लेखित चुनौतीहरु सामना गर्दै अगाडि बढ्न निम्न प्रक्रिया अपनाउनु उत्तम हुन्छ ।

- पाठअनुसार उपयुक्त र स्थानीय सन्दर्भमैत्री पूरक सामग्री विकास र भण्डारण गर्ने
- सबै भाषा शिक्षकहरूका लागि पूरक सामग्री निर्माण तथा प्रयोगसम्बन्धी तालिमको व्यवस्था गर्ने
- विद्यालयलाई प्रविधिमैत्री बनाइ प्रशस्त श्रव्य - दृश्य सामग्रीको उपलब्ध गराउने
- कथा शिक्षणमा परियोजनामूलक सिकाइलाई प्राथमिकता दिने
- आवश्यकता अनुसार पालिका, जिल्ला तथा प्रदेश स्तरमा सामग्री निर्माण सम्बन्धी कार्यशाला, प्रतियोगिता सञ्चालन गर्ने

**७ . निष्कर्ष**

कक्षा ८ को नेपाली विषयअन्तर्गत **साकार सपना** कथा शिक्षणमा पूरक सामग्रीको उपयोगले शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी, जीवन्त र विद्यार्थीकेन्द्रित बनेको पाइयो। पूरक सामग्रीले कथाको भाव, सन्देश र सामाजिक यथार्थलाई स्पष्ट रूपमा बुझ्न सहयोग मात्र गरेको छ । यसले सामाजिक गतिविधिमा समेत सक्रियतापूर्वक सहभागी हुन

सहयोग पुऱ्याएको छ। आधारभूत तहको वर्तमान पाठ्यक्रममा साकार सपना जस्तै विद्यार्थी केन्द्रित विधिमा आधारित रहेर शिक्षण सहजीकरण सञ्चालन गर्न सकिने विभिन्न पाठहरू रहेका छन्। हरेक पाठमा शिक्षकले आवश्यक पर्ने पूरक सामग्रीको जोहो गरी नियमित शिक्षण गर्ने हो भने सिकाइ दिगो बन्छ यसका साथै शिक्षकलाई कक्षा सहजीकरण पनि सजिलो बन्न गई पाठ्यक्रमले तोकेका सक्षमताहरू हासिल हुन्छन् । तसर्थ, नेपाली विषय शिक्षणमा पूरक सामग्रीलाई योजनाबद्ध र नियमित रूपमा प्रयोग गर्नु आवश्यक देखिन्छ, जसले सिकाइ उपलब्धि र भाषिक दक्षता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।एउटा भाषा शिक्षकका नाताले आगामी दिनमा पाठहरुको अध्ययन गरी आवश्यक सामग्री जोहो गर्ने , प्रयोगमा ल्याउने साथै भण्डारण गरेर भविष्यमा समेत प्रयोग गर्ने प्रण गर्दछु ।

**प्रस्तुतीकरण गरिएको पाठको भिडियो लिङ्कः**

| ........... | ....................... | .............................. | .................. |
|---|---|---|---|
| मिति | शिक्षकको दस्तखत | प्रधानाध्यापकको दस्तखत | विद्यालयको छाप |

## परियोजना कार्य-६

## “नेपाली भाषा शिक्षणमा पूरक सामग्रीको उपयोग” प्रतिवेदन

यस शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनुपर्ने परियोजना कार्य-६ अन्तरगत **“नेपाली भाषा शिक्षणमा पूरक सामग्रीको उपयोग”** शीर्षक लाई आधार मानेर एक परियोजना कार्य गरियो । यस कार्य सम्पन्न गरी सके पछि मेरो मनमा लागेका अनुभूति, तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरेको छु ।

### १. अनुभूति

प्रविधि र इन्टरनेटबाट सामग्री सङ्कलन गरी तिनै सामग्री प्रयोग गरेर साकार सपना कथा शिक्षण गर्दा कक्षा एकदमै रमाइलो र अन्तरक्रियात्मक भयो , युट्युव भिडियो, AI निर्मित भिडियो लगायतका सामग्री प्रयोग गर्दा विद्यार्थी सक्रिय, उत्साहित र सक्रिय बने । कथा शिक्षण गर्न, कथा शिक्षणका कार्यकलाप गराउन निकै सहज भयो । ICT को प्रयोगले शिक्षणलाई जीवन्त, बालमैत्री र स्मरणीय बनाएको अनुभव भयो । कक्षाकोठामा नियमित कक्षाको भन्दा विद्यार्थीको सक्रियता धेरै रहेको र सिकाइ सहजीकरणमा सहजता आउनुका साथै सिकाइ उपलब्धि हासिलमा सहजता भयो । परम्परागत शिक्षण भन्दा सूचना प्रविधिको उपयोगले कक्षाकोठाको सिकाइ सहजीकरणमा प्रभावकारिता बढेको अनुभव भयो ।

### २. तथ्य

- विद्यार्थीलाई साकार सपना जस्तो ऐतिहासिक कथाको बिषयवस्तु र भाव पनि सहजै बोध गराउन सकियो ।
- AI का माध्यमबाट पावरपोइन्ट स्लाइड, भिडियो सामग्री प्रयोग गरी शिक्षण गरियो ।
- विभिन्न उदाहरण सहित नमुना भिडियो प्रदर्शन गरेर छलफल अभ्यास गराइयो ।
- विद्यार्थीहरूको ध्यान, उत्साह, रूचि उल्लेखनीय रुपमा बढ्यो ।
- सिकाइ सहजीकरण क्रियाकलापमा विद्यार्थीहरूको सक्रिय सहभागिता रह्यो ।
- ICT को प्रयोगले सिकाइलाई अन्तरक्रियात्मक र दीर्घकालीन स्मरणीय बनायो ।
- पाठ्यपुस्तकका अलवा अन्य सामग्रीको प्रयोगले पनि कक्षा नितान्त प्रभावकारी हुने रहेछ भन्ने तथ्य स्पष्ट भयो ।

- पछिल्लो समय AI लाई शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन पुरक सामग्रीको रूपमा उपयोग गर्दा प्रभावकारी हुन्छ भन्ने कक्षा क्रियाकलापले पुष्टि गऱ्यो ।

**३. प्रतिक्रिया**

ICT प्रयोग गरिएको यो परियोजना कार्य अत्यन्तै सफल रह्यो । विद्यार्थीहरूलाई जटिल लाग्ने कथाको ऐतिहासिक विषय पनि सजिलै बुझ्न सके । शिक्षकका लागि पनि यो नयाँ अनुभव भयो जसले भविष्यमा थप प्रविधिमा आधारित विधि अपनाउन प्रेरणा दियो । पावरपोइन्ट, भिडियो जस्ता डिजिटल प्रयोग हुने सामग्रीले सिकाइलाई उद्देश्यपूर्ण, रमाइलो र प्रभावकारी बनाए । अभिभावक, सहकर्मी शिक्षक र विद्यार्थी सबैको दृष्टिमा यो ICT मा आधारित पुरक सामग्रीको उपयोगले कक्षा प्रभावकारी भएको स्पष्ट भयो ।

शिक्षक पेसागत विकास प्रारुप २०८० अनुसार आधारभूत तह कक्षा (६-८) का नेपाली विषय शिक्षकहरूका लागि सेवाकालीन (१५+१५) दिने प्रमाणीकरण तालिम

# आन्तरिक मुल्याङ्कनका आधारहरू

शीर्षकमा तयार पारिएको एक

प्रतिवेदन

परियोजना कार्य-७


तयार गर्ने

नामः हेमन्त पराजुली

सङ्केत नम्बरः१८८३१७

विद्यालयको नामः श्री भगवती माध्यमिक विद्यालय

स्थानीय तहः कालीगण्डकी गाउँपालिका

जिल्लाः स्याङ्जा

सम्पर्क नम्बरः ९८५७०८५८५७

ईमेल ठेगानाः info@hemantaparajuli.com.np

स्थायी ठेगानाः पाणिनि गाउँपालिका-०३, खिदिम अर्घाखाँची

परियोजना कार्य ७

# आन्तरिक मुल्याङ्कनका आधार र भाषिक सिप शिक्षण

## १. पृष्ठभूमि

सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने नियमित प्रक्रिया नै विद्यार्थी मुल्याङ्कन हो। विद्यार्थी मुल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिन्छ । विद्यार्थीको भाषिक क्षमतास्तर आकलन र भाषा सिकाइको प्रभावकारिता पहिल्याउन प्रयोग गरिने मुख्य साधन नै मुल्याङ्कन हो। शिक्षण सिकाइमा सुधार ल्याउने र कक्षोन्नति गर्ने उद्देश्यले आन्तरिक र बाह्य मुल्याङ्कन गरिन्छ । आन्तरिक मुल्याङ्कन सुधारात्मक वा रचनात्मक हुन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीका कमीकमजोरी समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो । त्यसैले आधारभूत तह (कक्षा ६ र ८) मा आन्तरिक / सुधारात्मक मुल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ सुनिश्चित गरिन्छ ।

आन्तरिक मुल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यावहारिक परिवर्तनको अवलोकन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता र सक्रियता, लिखित तथा मौखिक प्रश्नोत्तर, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, आत्ममुल्याङ्कन, हाजिरीजवाफ, उपलब्धि परीक्षा, सहपाठी मुल्याङ्कन, अभिभावक सम्पर्क, पोर्टफोलियो, अध्ययन भ्रमण, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको खोजी र प्रस्तुति जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । मुल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप तथा भाषिक संरचना, शब्दभण्डार र अभिव्यक्ति पक्षको परीक्षण गर्नुपर्दछ । आन्तरिक मुल्याङ्कनमा प्रयोग गरिने साधनहरूबाट प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ । कक्षा ६ र ८ मा आन्तरिक मुल्याङ्कनबाट प्राप्त नतिजालाई आन्तरिक मुल्याङ्कनका रूपमा निर्णयात्मक प्रयोजनमा प्रयोग गरिने छ । यी कक्षाहरूमा आन्तरिक मुल्याङ्कनको भार ५० प्रतिशत कायम गरिएको छ । प्रयोगात्मक पक्षको मुल्याङ्कन निर्माणात्मक तरिकाले सञ्चालन गरी आन्तरिक मुल्याङ्कनको अङ्गका रूपमा समावेश गरिने छ । मुल्याङ्कन प्रक्रियाको विस्तृत ढाँचा निम्नानुसार रहेको छ ।

| क्र.स. | मूल्याङ्कनका क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | सहभागिता | ४ |
| २. | सुनाइ र बोलाइ | २० |
| ३. | पढाइ र लेखाइ | १६ |
| ४. | त्रैमासिक परीक्षा | १० |

उल्लेखित कार्य गर्दा शिक्षकले सुनाइ र बोलाइ सिपको परीक्षणका लागि निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सकिन्छ ।

| सुनाइ र बोलाइ | | | |
|---|---|---|---|
| (क) | सुनाइ र लेखाइ | श्रुतिबोध/लेखन र सुनाइ पाठका आधारमा लेखन | (क) ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, ऋ/रि, छ/क्ष प्रयोग भएका पाठ्यपुस्तक भित्रका २४ ओटा शब्दका आधारमा श्रुतिबोध/लेखन |
| | | | (ख) ८० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) का आधारमा श्रुतिबोध/लेखन<br>(ग) सुनाइ पाठमा भएका सामग्री सुनाइका आधारमा |
| (ख) | बोलाइ | मौखिक प्रतिक्रिया तथा वर्णन | (क) कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई मौखिक प्रतिक्रिया तथा वर्णन<br>(ख) निर्दिष्ट भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रतिक्रिया |
| **पढाइ** | | | |
| (क) | पठन अभ्यास | शब्दोच्चारण | पाठमा प्रयुक्त नयाँ २४ वटा शब्दको उच्चारण |
| | | सस्वरवाचन | पाठभित्रका ८० शब्दसम्मका गद्यांश वा लयबद्ध पाठका दुई श्लोक गति, यति मिलाई भाव अनुसार सस्वर पठन |
| | | प्रवाह | तोकिएको समयमा गति, यति र हाउभाउ सहित पाठ पठन |
| (ख) | पठनबोध | अनुमान | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई पूर्व अनुमान र पश्च अनुमान |
| | | सूचना प्रयोग | तथ्य, तथ्याङ्क, मिति, पात्र लगायतका विषयवस्तुको उपयोग |
| | | छलफल तथा प्रश्नोत्तर | विषयवस्तुको बोध तथा अभिव्यक्तिका लागि प्रयोग |

माथिको आन्तरिक मूल्याङ्कन निर्देशिकाको मापन गर्न आन्तरिक मूल्याङ्कन निर्देशिका २०८१ ले रुब्रिक्स तयार गरेको छ । जुन देहायबमोजिम रहेको छ ।

| क्र.सं. | मूल्याङ्कनका आधार | परीक्षणीय पक्ष | सूचक | जम्मा अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखन | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्दको श्रुतिलेखन गर्न लगाउन | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा २५ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | २ | |
| | | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा २० वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | १.५ | |
| | | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा १५ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | १ | |
| | | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा १० वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | ०.५ | |
| २ | निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्न लगाउन | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिन्हमा ५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | ४ | |
| | | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिन्हमा १० ओटा वा सोभन्दा कम त्रुटि गरेमा | ३ | |
| | | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिन्हमा १५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | २ | |

| क्र.सं. | मूल्याङ्कनका आधार | परीक्षणीय पक्ष | सूचक | जम्मा अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिन्हमा १५ ओटा वा सोभन्दा बढी त्रुटि गरेमा | १ | |
| ३ | सुनाइ पाठका आधारमा प्रश्नोत्तर | सुनाइ पाठ सुनेर मौखिक उत्तर दिन लगाउन | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा | ४ | |
| | | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा | ३ | |
| | | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा आधा प्रश्नको उत्तर दिएमा | २ | |
| | | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा आधा प्रश्नको उत्तर दिएमा | १ | |
| ४ | सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै विषयवस्तु वा चित्र दिएर मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न लगाउन | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौलिक र स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | २ | |
| | | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | १.५ | |
| | | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध आशिंक रूपमा मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | १ | |
| | | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गर्न कठिनाई भएमा | ०.५ | |

| क्र.सं. | मूल्याङ्कनका आधार | परीक्षणीय पक्ष | सूचक | जम्मा अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| ५ | कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश) | विद्यार्थीलाई कुनै कथा सुन्न वा पढ्न लगाएर मौखिक प्रस्तुति गर्न लगाउन | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई मौलिक र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | ४ | |
| | | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | ३ | |
| | | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई आंशिक रूपमा प्रस्तुत गरेमा | २ | |
| | | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गर्न कठिनाई भएमा | १ | |
| ६ | भाषिक प्रकार्यमा आधारित प्रस्तुति | पाठ्यपुस्तकभित्रका भाषिक प्रकार्यका अभ्यास गराएर मूल्याङ्कन गर्ने | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको मौलिक र स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | ४ | |
| | | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | ३ | |
| | | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको आंशिक रूपमा प्रस्तुति दिएमा | २ | |
| | | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको स्वतन्त्र रूपमा प्रस्तुति दिन कठिनाइ भएमा | १ | |

सुनाइ र बोलाइ सिप विकासका लागि पाठ्यक्रमले देहायबमोजिमका सिकाइ सहजीकरण कार्याकलाप गराउन सुझाएको छ ।

- सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण, र प्रस्तुति सम्बद्ध क्रियाकलाप समावेश गर्ने
- सुनाइ र बोलाइ सिप विकासका लागि वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्रकथा वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, विचारको सङ्कथन, वक्तृता, दैनिकी, घटना तथा क्रियाकलाप वर्णन, वादविवाद, नाटकीकरण जस्ता क्रियाकलाप गराउनु पर्छ ।

# नेपाली भाषा पाठ्यक्रमको आख्यानात्मक पाठमा केन्द्रित रही सुनाइ र बोलाइ सिप विकासका लागि सिकाइ सहजीकरण गराउनका लागि तयार पारिएको केही नमुना क्रियाकलाप

- कक्षा ८ मा नेपाली भाषा शिक्षणका क्रममा सुनाइ र बोलाइ सिप विकासका लागि अमरपुत्र कथाको पूर्वपठन खण्डमा रहेको चित्रलाई प्रोजेक्टरको सहायताले प्रदर्शन गरी विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउने
- तस्वीरले व्यक्त गर्न खोजेको विषयवस्तुमा छलफल गराउने
- विद्यार्थीलाई कला जीवन्त र अमर हुन्छ । कलाले मानिसको मन लोभ्याउँछ र पगाल्छ पनि । कलाकै कारण मानव सभ्यता र इतिहास सुरक्षित रहन पुग्छ ।जहाँ जीवन्त वा स्वाभाविक कलाको आकर्षण छ त्यँहा कलाकारीताको महत्त्व आफैं बढेको हुन्छ त्यस्तै सङ्गमरमरलाई कुँदेर कलाको जीवन्तता दर्साउने एक कलाको अमरताको बारेमा छलफल गराउँदै पाठ प्रवेश गर्ने
- विद्यार्थीलाई निर्धारित पाठका निर्दिष्ट अनुच्छेदमा रहेका केही नमुना नयाँ शब्द टिपोट गरी विद्यार्थीलाई पनि टिपोट गर्न निर्देशन दिने, शब्दपत्तीका माध्यमबाट नयाँ शब्द विद्यार्थीलाई उच्चारण अभ्यास गराउने, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारण अभ्यास गराउने
- बोध र अभिव्यक्ति खण्डमा रहेको अभ्यासको आधारमा श्रुतिलेखन गराउने, श्रुतिलेखन गराउनु अगाडि अक्षर लेखाइ, वर्ण तथा शब्दको अन्तराल तथा वर्णविन्यासका सम्बन्धमा आधारभूत जानकारी दिने विद्यार्थीले श्रुतिलेखन कार्य सकेपश्चात् साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउने र अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्ने
- विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डमा अभ्यासका आधारमा कथाको तेस्रो अनुच्छेद पढी चारओटा प्रश्न बनाउन लगाउने क्रममा प्रश्न निर्माण गर्दा को, कसको, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउने
- विद्यार्थीलाई आफूले पढेको वा सुनेको कुनै कथा सुनाउन लगाउने, यस क्रममा कथाको संरचना, भाषाशैली, पात्र परिवेश आदिलाई ख्याल गरी कथाकथन गर्न सिकाउने
- कथाकथनमा अलमलमा परेका विद्यार्थीलाई उनीहरूले अगिल्लो कक्षामा पढिसकेको कथालाई कथाकथन गर्न लगाउने, विद्यार्थीको स्तर अनुसार कुनै कथाको कथाकथन गरेर धारणा स्पष्ट पार्ने
- पुस्तकालय, सामाजिक सञ्जाल, पत्रपत्रिका, घरपरिवारका सदस्य आदिबाट कथा पढ्न र सुन्न सकिने कुरा बताउँदै उपयुक्त तरिकाले कथाकथन गर्ने विद्यार्थीलाई स्याबास दिने
- विद्यार्थीलाई अमरपुत्र कथा पढी कथाको परिवेश भन्न लगाउने ।
- सुनाइ पाठमा रहेको कथा सुनाइ पाठ्यपुस्तककमा आधारित अभ्यास गराउने
- कुनै सामाजिक समस्यामा केन्द्रित समस्याहरूको चित्र प्रदर्शन गरी विद्यार्थी समूह निर्माण गरी कक्षामा चित्र वर्णन गर्न लगाउने ।

## परियोजना कार्य- ७

# आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित प्रतिवेदन

यस शिक्षक पेशागत विकास तालिम सम्पन्न गर्नका लागि गरिनुपर्ने परियोजना कार्य-७ अन्तर्गत “आन्तरिक मूल्याङ्कन” शीर्षक लाई आधार मानेर एक परियोजना कार्य गरियो । यस कार्य सम्पन्न गरी सकेपछि मेरो मनमा लागेको अनुभूति, तथ्य र प्रतिक्रियालाई यसरी प्रस्तुत गरेको छु।

**१. अनुभूति**

नेपाली भाषा शिक्षण नै भाषिक सिप शिक्षण हो ।भाषा शिक्षणका क्रममा सुनाइ,बोलाइ,पढाइ र लेखाइ सिप विकासका क्रियाकलाप गराउनु आवश्यक हुन्छ । आधारभूत तहको नेपाली भाषा पाठ्यक्रमले ५० अङ्कको आन्तरिक मूल्याङ्कनको अङ्कभार निर्धारण गरेको छ। कक्षाकोठामा मैले अमर पुत्र कथा शिक्षण गर्दा आन्तरिक मूल्याङ्कनको विधि र प्रक्रिया बोध गराई नमुनामा प्रस्तुत गरे जस्तै विभिन्न क्रियाकलाप सञ्चालन गरेँ जसले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुगेको अनुभव गरेँ । कक्षा शिक्षणमा विभिन्न सामग्री प्रयोग गरी सुनाइ र बोलाइ सिप विकासका लागि पाठ्यक्रमले निर्धारण गरेका कार्याकलाप छनोट गरी सोही अनुसार सहजीकरण गर्दा सिकाइ दिगो र प्रभावकारी हुने भयो । विद्यार्थीलाई सिकाइ सहजीकरणका क्रममा सक्रिय बनाउन टेवा पुगेको अनुभव गरेको छु ।सुनाइ र बोलाइ सिप विकासमा देखा परेका समस्या पहिचान गरी सोही अनुसार उपचारात्मक शिक्षण गर्न सहयोगी बनेको छ ।शिक्षणका क्रममा आत्म मूल्याङ्कन भएको छ ।

**२. तथ्य**

- सर्वप्रथम पाठ्यक्रमले निर्धारण गरेको आन्तरिक मूल्याङ्कनको आधारको सूची तयार गरियो ।
- विद्यार्थीलाई कक्षा शिक्षणका क्रममा सोही मूल्याङ्कनका आधारमा शिक्षण गर्न सिही अनुसारका क्रियाकलाप छनोट गरियो ।
- क्रियाकलाप छनोट गर्दा सुनाइ र बोलाइ सिप विकासका क्रियाकलापमात्र छनोट गरियो ।
- छनोट गरेका क्रियाकलापका आधारमा अमर पुत्र कथा शिक्षण गरियो ।
- सिकाइ सहजीकरणको क्रममा आइसिटीको उपयोग गरियो ।
- विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु अघि नै मूल्याङ्कनका आधारको बारेमा ज्ञात बनाइयो ।

- ❖ मूल्याङ्कनका आधारको उपयोग गर्न आन्तरिक मूल्याङ्कन निर्देशिका २०८१ अनुसार रुब्रिक्स निर्माण गरी विद्यार्थी समूहमा पनि छलफल गराइयो ।
- ❖ कक्षाकोठाको विविधता पहिचान गरी सोही अनूकुल सहजीकरण गरियो ।
- ❖ कमजोर सिकाइ क्षमता भएका विद्यार्थीलाई पनि सिकाइको समान अवसर प्रदान गरियो ।
- ❖ सिकाइ सहजीकरणमा विद्यार्थी केन्द्रित विधिको उपयोगमा जोड दिइयो ।

### ३. प्रतिक्रिया

आन्तरिक मूल्याङ्कनलाई व्यवस्थित बनाई सिकाइ कार्यकलाप सञ्चालन गर्दा सिकाइलाई प्रभावकारी बनाउन सघाएको देखियो । कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि, सामग्री र गतिविधिहरूले विद्यार्थीको रुचि बढाएको थियो । सिकाइका लागि मूल्याङ्कन भन्ने तथ्यलाई आत्मसात गरी कक्षामा सोही अनुसारका क्रियाकलाप र सामग्री छनोट गर्दा कक्षाकोठामा विद्यार्थीको सक्रियाता बढ्नुका साथै सुनाइ र बोलाइ सिप विकास सरल र सहज तरिकाले भयो । कक्षाकोठाका हरेक क्रियाकलाप मूल्याङ्कनसँग जोड्ने हो भने सिकाइ दीगो, कक्षा प्रभावकारी हुनुका साथै कक्षा शिक्षणका हरेक समस्या समाधान गर्न सकिनेछ । मूल्याङ्कनले विद्यार्थीलाई आफ्नो गल्ती सुधार्ने अवसर दिन्छ। नियमित मूल्याङ्कनले विद्यार्थीलाई सिकाइमा सक्रिय रहन प्रेरित गर्छ। उनीहरूले आफैं प्रगति ट्र्याक गर्न सिक्छन्, जसले आत्मविश्वास र स्व-अध्ययनको बानी विकास गर्छ। आन्तरिक मूल्याङ्कनबाट शिक्षकले सुनाइ र बोलाइ सिप प्रभावकारी भए नभएको बोध गरी आवश्यक परे शिक्षण रणनीति परिवर्तन गर्न सजिलो हुन्छ।आन्तरिक मूल्याङ्कनलाई विद्यार्थीको सिकाइसँग जोड्दा सिकाइ सहज,सरल हुनुका साथै विद्यार्थीमा कक्षाकोठाको सक्रियता बढेको छ ।

म स्वयंले पनि १५ दिनसम्म प्रमाणीकरण तालिम लिएर विद्यालय शिक्षणमा फर्केपछि तालिम पाठ्यक्रम अनुसार गर्नुपर्ने परियोजना कार्य अन्तर्गत आन्तरिक मूल्याङ्कन खण्डलाई अझै व्यवहारिक बनाउन वर्तमानको नेपाली भाषा पाठ्यक्रम कक्षा ६ -८ लाई आधार मानी यो अध्ययन कार्य गरेको हुँ । कक्षा शिक्षणका क्रममा व्यवहारिक ढङ्गले प्रयोगात्मक अभ्यास गराउँदै आन्तरिक मूल्याङ्कनका कार्यकलाप गराउँदै सिकाउँदा सिकाउन पनि छिटो हुने, सम्बन्धित पाठ पनि सिकारुले छिटो बुझ्न सक्ने साथसाथै सुनाइ र बोलाइ जस्ता भाषिक सिप समानतामूलक ढङ्गले अगाडि बढाउन सकिने जस्ता अवस्था देखियो । यसर्थ पनि म पाठ्यक्रम,आन्तरिक मूल्याङ्कनको मर्मअनुसार शिक्षण गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा पुगेको छु ।